Jana Aakash National Weekly
www.janaakash.com.np

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- २६, २०८० साल माघ २३ गते मंगलबार (Feb 6, 2024) www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**


## सांसद भगबती चौधरी फिल्डमा

**सुनसरी–** रणनीतिक सडक निर्माणमा ठेकेदारको लापरवाही देखेपछि सांसद भगबती चौधरीले फिल्डमै उत्रिएर अनुगमन गरेकी छन् । गृहजिल्ला रहेकी चौधरीले सुनसरी क्षेत्र नं. ३ मा पर्ने रणनैतिक सडक निर्माणमा ठेकेदारले ढिलासुस्तीसँगै लापरवाही गरेको देखेपछि सडक डिभिजन कार्यालय विराटनगरका प्रमुख राजेन्द्रप्रसाद साहलाई फिल्डबाटै सडकको गुणस्तरीयता कायम गर्न निर्देशन दिएकी हुन् ।

रणनीतिक सडकको चतरा नहरबाट एकम्बा, चाँदबेला, औरावनी, छिटाहा, चिमडी देखि अमडुवासम्मको सडक खण्डको इनरुवा चाँदवेला क्षेत्रमा निरीक्षण गर्दा साइड ड्रेन निर्माणमा लापरवाही गरिएको, एकनासले ड्रेन निर्माण नगरेको तथा दैनिक धुलो, हिलोले स्थानीयबासी प्रताडित भएको पाएपछि सांसद चौधरीले लापरवाही गर्ने ठेकेदारलाई कारवाही गर्न कार्यालय प्रमुख साहलाई निर्देशन दिएकी हुन् ।

रणनीतिक सडकका लागि सांसद चौधरीले संघीय सरकारबाट बजेट विनियोजन गर्न ठूलै कसरत गरेकी थिइन् । गत आर्थिक वर्ष सांसद चौधरीकै प्रयासमा २० करोड रुपैंया विनियोजन भएको थियो भने, चालू आर्थिक वर्षका लागि १० करोड रुपैंया विनियोजन भएपनि सडक निर्माणको कामभने सुस्तगतीमा हुँदा स्थानीय आक्रान्त बनेका छन् ।

गत वर्षको फागुनदेखि बन्द रहेको सडक निर्माण कार्य केही दिन यता पुनः सूचारु भएपनि साईड ढलानमा लापरवाही र सुस्तगतीमा भइरहेको अनुगमनको क्रममा स्थानीयले सांसद चौधरीलाई जानकारी गराउँदै धुलो र हिलोले स्थानीयहरु सडकमा हिँड्नै नसक्ने अवस्था रहेको बताए ।

स्थानीय नेता कार्यकर्ता सहित क्षेत्रमा भइरहेका रणनीतिक सडक, पुल लगायत विकास निर्माणका कार्यहरुको अनुगमनमा रहेकी चौधरीले जनतालाई सास्ती नहुने गरी काम गर्न आयोजना प्रमुखलाई निर्देशन दिइन् । सो क्रममा प्रमुखले सडक निर्माणमा ठेकेदारबाट भएका लापरवाहीमा आवश्यक अनुसन्धान गरेर कारवाही गर्ने प्रतिबद्धता जनाए ।

# गणतन्त्रको २० बर्षमा पनि सुध्रिएन अर्थतन्त्र



■ **मोहन कार्की**

**काठमाडौं–** नेपालमा बिभिन्न समयमा धेरै वटा सशन व्यवस्था परिवर्तन भए तर नेपालको अर्थतन्त्र भने सुध्रिन सकेको छैन । देशमा अभाव टार्न नसकेर युवाहरु विदेश पलायन भएका छन् । गाउँ घरमा बसेर सेवा सुविधा पऱ्याप्त नहुदा गाउँघर वाट पनि मानिसहरु शहर पस्ने क्रम जारी छ। जिनो तिनो उत्पादन हुदै आएको कृषिमा समेत पाहाडी जिल्ला र हिमाली जिल्लाहरुम ह्रस आएको छ । गाउँमा मानिसहरु बस्न छाडेकाछन् । गाउँका घरहहरु रित्ता बन्दै गएका छन् ।

गणतन्त्र स्थापना पछि पनि मासिनहरुको दैनिकीमा सुधार आउन सकेको छैन । राष्ट्रले भौतिक पूर्वधारहरुको विकास गरेको भएपनि ति पाहाडी र हिमाली क्षेत्रका जनतालाई आर्थिक उपार्जन गर्न सक्ने कुनै पनि दिर्धकालीन नीति सार्वजनिक गर्न सकेको छैन ।

बजेट भाषाणमा कृषिमा सहयोग, शिक्षामा निशुल्क, बजारको व्यवस्था जस्ता नीति तथा कार्यक्रममा समेटेको भएपनि व्यावहारमा त्यसको नतिजा देखिदैन ।

दिनानु दिन सामाजिक रुपमा रहेको समाज पछिल्लो समयमा उपभोक्तावादी हुदै गएको छ । पैशा छ त सवै थोक घरमा आईपुग्छ । तर पैशा छैन । भोक्कै बस्नुपर्ने बाध्यताहरु रहेकाछन् । त्यसैले आर्थिक रुपमा पछाडी पर्दै गएका नेपालीहरुको लागि गणतन्त्र स्थापना भएको २० बर्षे नयाँ व्यवस्थाले पनि जनताको जिवनस्तरमा आर्थिक रुपमा खासै प्रगति गराउन नसकेको हो ।

कृषकले कृषि उत्पादनका लागि गरेको लगानी बराबर जतिकै मात्र उत्पादन हुने र बजारमा उत्पादन भएको समयमा नै सहि मूल्य प्राप्त नहुदा प्राप्त गर्न सक्ने आम्दानी गर्न नसकेको हुनाले कृषिमा नागरिकहरु उत्साहित हुन सकेका देखिदैनन् । व्यापारमा अरु देशको उपभोग्य बस्तु ल्याएर बेच्नु पर्ने त्यसमा कतिवेला विदेशी माल बस्तुको भाउ बढ्छ। त्यसको असर नेपालमा पर्ने र आफ्नो उत्पादन नहुदा त्यसको प्रत्यक्ष असरले व्यापार व्यावसाय गरेका नागरिकहरु समेत घाटामा जाने र निरुत्साहित हुने गरेको देखिन्छ ।

नेपालमा उद्योग कलकारखाना नहुदा कृषि वाहेक अन्य जागिरको लागि सरकारी जागिर केही केही नीजि उद्योग, केही हस्पिटल, केही स्कुल कलेज, केही बाटो, पुल, भवन बनाउने ठाउमा पाइने मजदुरी वाहेक अन्य रोजगार गर्ने बिकल्पहरु छैनन् ।

जसको कारण रोजगार खोज्नकै लागि विदेशमा जानुपर्ने विदेश जादा ऋण लिनुपर्ने ऋणको भार शुरुमा

» बाकी ६ पृष्ठमा

## बर्लिनका गोल्डेन बेयर विजेता प्रोफेसर शिए फेइ निफको प्रमुख निर्णायक !




**काठमाडौं–** दुई दुई पटक बर्लिन फिल्म फेस्टिभलमा अवार्ड जित्ने चाइनिज फिल्म निर्देसक तथा प्रोफेसर शिए फेइ नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को फिचर फिल्म प्रतिस्पर्धा तर्फ प्रमुख निर्णायकको रुपमा नेपाल आउने भएका छन् ।

महोत्सव अध्यक्ष केपी पाठकले शिए फेइले निर्णायकको भूमिकासँगै फिल्म लेखन निर्देशनसम्बन्धी मास्टरक्लास पनि दिने तय भएको जानकारी गराएका छन् । मास्टर क्लासअघि उनको अन्तिम निर्देशन रहेको चलचित्र 'सङ अफ तिब्बत' देखाइने अध्यक्ष पाठकले बताए ।

बेइजिङ फिल्म एकेडेमीबाट निर्देशनमा स्नातक गरेका शिए फेइ ले सन् १९९० मा निर्देशन गरेको 'ब्ल्याक स्नो'ले बर्लिनको दोस्रो ठूलो अवार्ड सिल्भर लाइन जितेको थियो भने यसको तीन वर्षपछि उनैले निर्देशन गरेको 'वुमन सिसम ओइलमेकर'ले बर्लिनको मुख्य अवार्ड गोल्डेन बेयर जितेको थियो । सन् २००० मा 'सङ अफ तिब्बत' निर्देशन गरेयता उनले कुनै पनि फिल्म निर्देशन गरेका छैनन् ।

बेइजिङ फिल्म एकेडेमीका पूर्व उपाध्यक्ष समेत रहेका शिए फेइ सन् १९८०

» बाकी ६ पृष्ठमा

## प्रथम चावहिल जुत्ता चप्पल व्यापार मेला सुरू

**काठमाडौं–** प्रथम चावहिल जुत्ता चप्पल व्यापार मेला सुरु भएको छ । मेलाको उद्घाटन माघ १८ गते नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले गरेका हुन् ।


मेला यहि माघ १८ बाटसुरु भई फागुन १८ गतेसम्म चल्ने आयोजकले जनाएको छ । मेलामा १४ उद्योगका ३० भन्दा बढि ब्राण्डका तीन हजारभन्दा बढि जुत्ता चप्पल प्रदर्शनीमा राखिएको छ ।

नेपाली ब्राण्डका जुत्ताको प्रचार/प्रसार गरि आम उपभोक्ता माझ पुर्याउने मुल उद्देश्यले विवाह तथा जाडोलाई समेत लक्षित गरि महिला, पुरुष, बालबालिका, जेष्ठ नागरिकलगायत सबै उमेर समूहका उपभोक्ता/प्रयोगकर्तालाई आकर्षक डिजाइनका जुत्ता चप्पल मेलामा राखिएको छ । करिब एक सयभन्दा बढि स्टलहरुमा नेपाली ब्राण्डका जुत्ता चप्पल सजिसजावट गरि राखिएको छ ।

एउटै छानामुनी सबै उमेर समूहलाई सुहाउँदो १४ उद्योगका ३० भन्दा बढि ब्राण्डका तीन हजारभन्दा बढि डिजाइनका जुत्ता चप्पल कारखानाकै मुल्यमा १५ देखि ५० प्रतिशसम्म छुटको व्यवस्था समेत गरेको मेला संयोजक दिवाकर गिरीले जानकारी दिए ।

यो मेलामा चावहिल,

» बाकी ६ पृष्ठमा

जनआकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २६, २०८० साल माघ २३ गते मंगलबार (Feb 6, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### नेपालमा जन्मिएका अनाथलाई सजिलो गरी नागरिता देऊ सरकार ।

नेपालमा यतिवेला बिभिन्न सामाजिक संस्था चलाईरहेका बाल सरक्षण केन्द्रमा रहेका नागरिता लिन बालिग भएका व्याक्तिहरुको लागि समस्याको रुपमा रहेको छ । नेपालको संविधानले नेपालमा जन्मिएको आधारमा र आमा विदेशी नै भएको भएपनि अंगीकृत नागरिता गरी दुई प्रकारका नागरिता दिने व्यवस्था गरेको छ ।

तर नेपालमा बाबु आमा नेपाली नै भएका तर कारणवस सानै उमेरमा आमाले छोडेर हिडेका बाबुको पहिचान नभएका अनाथ बनेका अनाथहरुलाई बाल संरक्षण संघ, सस्थाहरुले भेट्याई ल्याई, पालेर पढाई लेखाई गरेका बालबालिकाले नागरिता पाउन धेरै कठिनाई व्याहोरिहरेका छन् । नागरिता दिलाउनकै लागि ति बाल केन्द्रहरुले धेरै दुखः व्याहोर्नु परेको छ ।

नेपालमा नागरिक हु र नेपाली नागरिकले प्राप्त गर्नुपर्ने सुविधा उपभोग गर्न वा अचेलको आधुनिक युगमा १६ बर्ष पुगेपछि जुनसुकै नागरिकले गर्ने कारोबार बैकिङ प्राणाली अनुसार लागु हुने र नेपालमा रोजगारको पर्याप्त सम्भावना नहुदा विदेशमा रोजगार गर्न जानको लागि नागरिता त्यस पछि राष्ट्रिय परिचय पत्र त्यसपछि पासपोर्ट बनाई विदेशमा जानु नै नेपालका युवायुवतीहरुको अनिवार्यता जस्तै बनेको छ । ति अनाथहरुलाई प्लस टुसम्म जसो तसो गरी शिक्षा बाल केन्द्रहरुले दिदै आएका छन् । प्लस टु पछि उनिहरु पनि सक्षम हुन्छन् । कतै जागिर खाउन वा यस्तै बाल सरक्षण केन्द्रहरुमा सेवा गर्नको लागि पनि कतै जादा समितिमा बस्दा सरकारी कार्यलयमा कागजात नै चाहिने हुन्छ ।

बाबु आमाको पहिचान खुलेको छैन । उसलाई नागरिता दिने कसरी बाल सरक्षण केन्द्रले आफ्नै छोराछोरी हो भनेर भन्दा पनि नमिल्ने बाल सरक्षण केन्द्रले सिफारिस गरेर पठाएका अनाथहरुले नागरिता नपाउदा नेपालमा जन्मेर नेपालमा भोग्नु परेको वेसाहारा जिवन त्यसमा प्रसाशनिक झन्झटले नेपालमा जन्मनु नै दुभाग्य भएको अनुभुति ति वयस्क बन्दै गरेका देशलाई चाहिने अनाथ तर नेपालको माटोमा जन्मेर हुर्केका बाबु आमा पहिचान नभएका नेपालीका लागि देशप्रतिको बितृष्णा बढ्दै गएको छ ।

विश्वका देशहरुमा त्यस देशमा जन्मेको एउटा पमाण पत्र पेश गरेपछि सजिलै त्यस देशको परिचय पत्र प्राप्त गरेका हुन्छन् । नेपालमा जन्मेका खाटी नेपालीले नागरिता पाउन पनि सजिलो छैन ।

जिल्ला प्रसाशनहरुले जारी गर्ने नागरितामा कतै कागजमा एउटा केही मिलेन भने महिनौसम्म दुखः दिने गरेको गुनासा पनि छन् ।

झनै बाबु आमा दुवै पहिचान नभएकाको लागि त झनै माहाभारत भईराखेको छ । त्यसैले सरकारले यस्ता अनाथ बालबलिकाहरुको लागि छिटो छरितो र नेपाली नागरिक हुनमा गर्व गर्न लायक बिकल्प खोजेर नागरिता प्रदान गरोस ।

# त्रिविको राजनीतिक जन्जालभित्र नयाँ उपकुलपति चयनको चर्चा



धर्मराज भट्टराई

करिब छ दशकभन्दा लामो इतिहास बोकेको मुलुककै सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा अहिले उपकुलपति चयनको चर्चा चुलिएको छ ।

गत कात्तिक १६ मा तात्कालीन उपकुलपति प्राध्यापक धर्मकान्त बाँस्कोटाको चारवर्षे कार्यकाल सकिएपछि त्रिवि अहिले उपकुलपतिविहीन बनेको छ ।

उक्त पद रिक्त भएपछि सरकारले तत्काल पूर्णकालीन उपकुलपति दिनुको साटो बढीमा तीन महिनाका लागि भन्दै तत्कालीन शिक्षाध्यक्ष प्राध्यापक शिवलाल भुसाललाई निमित्तको जिम्मेवारी तोकेको थियो ।

तथापि, तीन महिनाको समयावधिमा समेत पूर्णकालीन उपकुलपति नियुक्त गर्न नसक्दा गत १७ बाट फेरि भुसाललाई नै थप तीन महिनाका लागि जिम्मेवारी दिइएको छ । अहिले त्रिवि निमित्तकै भरमा चलिरहेको छ ।

विश्वविद्यालय ऐन, २०४९ को दफा २१ (ख) बमोजिम दैनिक कार्य सञ्चालन गर्न बढीमा ३ महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिन सकिने प्रावधान छ ।

यसैअनुरूप केही समयपहिले प्रधानमन्त्री एवं त्रिविका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले भुसाललाई उपकुलपतिको जिम्मेवारी दिएका हुन् ।

उपकुलपतिको जिम्मेवारी पाए पनि निमित्त भएको कारणले धेरैजसो नीतिगत निर्णयहरू गर्ने अधिकार भुसाललाई हुँदैन । शिक्षक, कर्मचारी नियुक्ति, सरुवा, बढुवालगायतका काम गर्ने अधिकार उनलाई हुँदैन । साढे पाँच लाख विद्यार्थी अध्ययन गर्ने र १६ हजार शिक्षक-कर्मचारी कार्यरत त्रिविमा तीन महिने निमित्त उपकुलपति तोक्दा आर्थिक, प्रशासनिक र शैक्षिक कार्यक्रमहरू संकटमा पर्न सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् ।

विगतका दिनमा त्रिविमा उपकुलपतिलगायतका पदाधिकारीको छनौट राजनैतिक भागबण्डाका आधारमा गरिँदै आएकोमा यसपटक भने खुला प्रतिष्पर्धाबाट नियुक्ति गर्ने भन्दै प्रधानमन्त्रीले उद्घोष गरेका छन् ।

यसैअनुरूप त्रिविमा पूर्णकालीन उपकुलपति नियुक्तिका लागि प्रक्रिया अगाडि बढाइएको छ । गत पुस २० गते उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले १० दिने सूचना प्रकाशित गरेर दरखास्त आह्वान गरेको थियो । तर, पहिलो गाँसमै ढुंगा भनेझैँ २० गते शुक्रवार सार्वजनिक गरेको सूचना २२ गते आइतबार नै रद्ध भएको अर्को सूचना प्रकाशित गर्न समिति बाध्य भयो ।

विशेषगरी पहिलो सूचनामा उम्मेद्वारको आवश्यक योग्यतामध्ये एउटा बुँदामा 'विश्वविद्यालयको पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको (वर्ष, महिना र दिनसमेत) व्यहोरा खुलेको विवरण प्रमाणित प्रतिलिपि' पेस गर्नुपर्ने भनिएको थियो ।

यो विषयमा असन्तुष्टिहरू देखिन थालेपछि प्रधानमन्त्रीले आृनो गम्भीर ध्यानाकर्षण भएको बताउँदै पदाधिकारीमा तीन वर्षे अनुभवको प्रावधान हटाउन निर्देशन दिए ।

प्रधानमन्त्रीले सक्षम र योग्य मान्छे आउने बाटो सम्पूर्ण रूपले खुला गरी अर्को विज्ञापन खोल्न मन्त्रालयमार्फत् समितिलाई निर्देशन दिएपछि पुनः पुस २३ गते यसलाई सच्याएर अर्को नयाँ विज्ञापन प्रकाशित गरियो ।

नयाँ विज्ञापनमा त्रिविको उपुकलपति बन्न अन्तिम समयसम्म ४३ जनाले दरखास्त दिएका छन् । दरखास्त दिनेमा बहालवाल उपकुलपति, पूर्वउपकुलपति, डीन, विभागीय प्रमुखदेखि पूर्व पदाधिकारी र प्राध्यापकसम्म रहेका छन् ।

त्रिविका कुलपति तथा प्रधानमन्त्री पुष्पकमल दाहालले केही दिनपहिले विश्वविद्यालयमा 'ब्रेक' हुन लागेको भन्दै खुला प्रतिष्पर्धाबाट त्रिविले सक्षम र इमान्दार उपकुलपति पाउने आश्वासन दिएका थिए । तथापि, प्रधानमन्त्रीले भनेजस्तो सजिलै त्रिविले काबिल नेतृत्व पाउँछ भनेर भन्न सकिने अवस्था भने छैन ।

अहिले त्रिविको उपुकलपति बन्ने आकांक्षीमध्ये धेरै व्यक्तिहरू त्रिविकै पूर्व पदाधिकारीहरू रहेको देखिएको छ । उनीहरूले विभिन्न समयमा त्रिविकै विभिन्न विभागहरूमा नेतृत्वदायी भूमिकामा रहेका देखिन्छन् । उक्त पदमा नियुक्ति हुँदा उनीहरू राजनैतिक आस्थाकै भरमा भएका थिए ।

यसैगरी उपुकलपति बन्ने होडमा रहेका कतिपय पदाधिकारीहरू यसभन्दा अघि विभिन्न अनैतिक कार्यमा संग्लग्न भएको आरोपमा समेत मुछिएका थिए । बौद्धिक चोरी, प्रश्नपत्रको गोपनियता भङ्ग, आर्थिक हिनामिना गरेका जस्ता आरोपमा मुछिएका व्यक्तिहरूसमेत अहिले उपकुलपतिको दौडमा देखिन्छन् ।

यिनै व्यक्तिहरू पुनः दोहोरिएको खण्डमा उनीहरूबाट कुनै आशा गर्ने ठाउँ देखिँदैन । यसै गरी उपकुलपतिका उम्मेदवारहरूले पेस गरेका विश्वविद्यालयसम्बन्धी सोधपत्र र त्रिविको चारवर्षे व्यवसायिक कार्ययोजनाको विश्वसनीयता समेत प्रश्न उठेको छ ।

कतिपय उम्मेदवारहरूले सोचपत्र र कार्ययोजना तयारका लागि एजेन्टहरूको सहयोग लिन दौडधुप गरेका र यसका लागि समेत मोटो रकम खर्चिएको आरोप लागेको छ । तसर्थ, छनौट प्रक्रियाका बखत यसबारे समेत गहिरो अध्ययन गर्नुपर्ने जरुरी देखिएको छ ।

अहिलेकै अवस्थामा त्रिविले राजनैतिक आस्था नबोकेको नेतृत्व पाउन मुस्किन देखिन्छ । तथापि, यस्तो नेतृत्व पाएको खण्डमा समेत रातारात त्रिविले काँचुली फेर्नेछ भनेर आशा राख्न सकिने अवस्था छैन । त्रिविमा दशकौंदेखि राजनैतिक आस्था बोकेका कर्मचारी र तिनका संगठनहरूले दबदबा चल्दै आएको छ ।

कर्मचारी मात्र नभई प्राध्यापकहरूको समेत राजनैतिक आस्थाका आधारमा संगठनहरू बनेका छन् । यस्तै, आस्था बोकेर निर्माण भएका विद्यार्थी संगठनसमेत त्रिविको अर्को समस्याका रूपमा देखिएका छन् । यिनीहरू त्रिविप्रतिभन्दा पनि आफू निकट राजनैतिक दलप्रति उत्तरदायी भएको देखिन्छ ।

यी संगठनहरूले आृना निजी स्वार्थका मागहरू राख्दै बन्द, हड्ताल, तालाबन्दी गरेका घटनाहरू बारम्बार घटाउने गरेका छन् । यसैकारण त्रिविको साख दिनप्रतिदिन खस्किँदै गएको धेरैको बुझाइ छ । यस्तो अवस्थामा निष्पक्ष नियुक्ति भएको खण्डमा समेत उपकुलपति एक्लैले त्रिवि सुधार्नु भनेको फलामको चिउरा चपाएसरी हुने देखिन्छ ।

अहिले मुलुकका धेरैजसो सरकारी संघसंस्थाहरू व्यक्तिगतभन्दा पनि प्रणालीगत समस्याबाट गुज्रिएका देखिन्छन् । त्रिविमा समेत मुलुकको प्रधानमन्त्री कुलपति हुने व्यवस्था छ ।

प्रधानमन्त्री कुनै न कुनै राजनैतिक दल सम्बद्ध व्यक्ति हुने भएकाले त्रिविमा राजनैतिक प्रभाव शून्य हुनसक्छ भनेर भन्न सकिँदैन । यो प्रधानमन्त्रीको इच्छाशक्तिमा निर्भर रहन्छ ।

यसै गरी त्रिविका कार्यक्रमहरू एकजना उपकुलपतिले मात्र सञ्चालन गर्ने होइन । उपकुलपतिसँगै रेक्टर, रजिस्ट्रार, क्याम्पस प्रमुख, विभागीय प्रमुखजस्ता नेतृत्वदायी पदहरूमा नियुक्ति गर्दासमेत अहिलेसम्म कार्यकुशलता र विज्ञतालाई भन्दा राजनीतिक आस्थालाई पहिलो प्राथमिकता दिएको पाइन्छ ।

अबका दिनहरूमा यी पदहरूमा कसरी नियुक्ति गरिन्छ भन्ने कुरा अहिलेसम्म प्रष्ट आएको छैन । यदि, यी पदहरूको नियुक्तिमा विगतकै परम्परालाई निरन्तरता दिइयो भने अहिले खुला प्रतिष्पर्धामा छानिने उपकुलपतिको भूमिका बुख्याचाको जस्तै हुँदैन भन्न सकिँदैन ।

तसर्थ, त्रिविका हरेक नेतृत्वदायी पदहरूमा नियुक्ति गर्दा उपकुलपतिको सहमति लिनु अनिवार्य देखिन्छ । उपकुलपति त्रिविका कमान्डर हुन् भने उनको सेनामा रहने मुख्य व्यक्तिहरू समेत उनकै कमान्डमा अगाडि बढ्नुपर्ने आवश्यकता हुन्छ ।

त्रिविको नेतृत्व चुनौती मुक्त भने हुने छैन । लाखौं विद्यार्थीहरूले यहाँबाट आृनो सुनौलो भविष्य कोरिसकेका भए पनि पछिल्लो समय भने यसको आृनै भविष्य अन्योलमा देखिएको छ । राजनैतिक हस्तक्षेप र अन्य व्यवस्थापकीय कमजोरीले गर्दा त्रिविको स्वास्थ्य अवस्था दिनप्रतिदिन बिग्रिँदै गएको छ ।

त्रिविका कतिपय शैक्षिक कार्यक्रमहरू एकपछि अर्को गर्दै बन्द हुने अवस्थामा पुगेका छन् । विश्वविद्यालयका विभिन्न संकाय तथा अध्ययन संस्थानहरूमा हुने प्रवेश परीक्षा, भर्ना, अन्तिम परीक्षा तथा नतिजा प्रकाशनमा भएको लापरबाहीले त्रिविको साख राष्ट्रिय एवं अन्तर ाष्ट्रिय रूपमा दिनप्रतिदिन गिर्दै गएको छ ।

राजनीतिक हस्तक्षेप, पदाधिकारी, प्राध्यापकको मनोमानी, भागबन्डा, विद्यार्थीको तालाबन्दी र आन्दोलन, शैक्षिक अव्यवस्ता, जीर्ण भौतिक संरचना र स्रोतसाधनको दुरुपयोगले थालिएको त्रिविलाई सम्हाल्न सजिलो छैन । यसका लागि एउटा सक्षम कमान्डर आवश्यक देखिन्छ ।

त्रिविको नेतृत्व गर्ने उम्मेदवारसँग आवश्यक योग्यता र अनुभव मात्र नभएर संस्थालाई अगाडि बढाउनको लागि दूरदृष्टि र नेतृत्व क्षमतासमेत हुनु आवश्यक छ । विश्वविद्यलायको नेतृत्वले विद्यमान प्रणालीको पुनःसंरचना गर्दै विश्वव्यापी उत्कृष्ट अभ्यास लागु गरेर विश्वविद्यालयको वृद्धि र विकासका लागि थप अवसर सिर्जना गर्न सक्नुपर्ने हुन्छ ।

उपयुक्त शैक्षिक क्यालेन्डरको निर्माण गरी भर्ना प्रक्रिया, पठनपाठन गतिविधि, परीक्षा मिति, परीक्षाफल प्रकाशनसम्मका शैक्षिक गतिविधिहरूलाई उचित, व्यवस्थित र समयानुकूल बनाउन सक्ने नेतृत्व आवश्यक छ ।

मुलुकभित्रको शिक्षाबाट आृनो भविष्य नदेखेर विदेशिने मानसिकतामा रहेका हजारौं विद्यार्थीहरूलाई स्वदेशमै गुणस्तरीय र रोजगार मूलक शिक्षा प्रदान गरिने सुनिश्चितता दिलाउन सक्ने प्रमुख त्रिविलाई आवश्यक छ ।

संसारका उत्कृष्ट विश्वविद्यालयहरूले अवलम्बन गरेका पठनपाठन शैली, अनुसन्धानको वातावरण तथा गुणस्तरहरूको विस्तृत अध्ययन गरी अनुकूलताका आधारमा अवलम्बन गर्न सक्ने कमान्डरले त्रिविको नेतृत्व लिनुपर्ने आवश्यकता देखिएको छ ।

देश विकासका लागि शिक्षालाई पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । यी पूर्वाधारहरूको निर्माणमा विश्वविद्यालयहरूको प्रमुख भूमिका हुने गर्छ । विश्वविद्यालयले मुलुकको समग्र विकासका लागि दक्ष जनशक्तिको उत्पादन गर्न सक्नुपर्छ । जसले कुनै समस्याको विश्लेषण गर्ने, तर्क गर्ने, प्रस्तुत गर्ने र समाधान खोज्ने सामर्थ्य राखेको हुन्छ । तर, यदि उद्गमस्थल नै कमजोर भयो भने यसबाट हुने विकास पनि दिगो हुन सक्दैन ।

यसका लागि शैक्षिक संस्थाहरूलाई राजनीतिकरणको चंगुलबाट निकालेर अनुसन्धान, सिर्जनशीलता, जीवनोपयोगी शिक्षासँग सम्बन्धित पक्षमा ध्यान दिन आवश्यक छ । पछिल्ला दिनहरूमा वर्तमान प्रधानमन्त्री तथा त्रिविका कुलपतिले विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा देखाएको चासोलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

प्रकाशित भइसकेको विज्ञापनसमेत सच्याउन लगाएर नयाँ तरिकाले अगाडि बढ्न निर्देशन दिएसँगै परम्परा तोडिने आशा जगाएको छ ।

त्रिविमा राजनैतिक नियुक्तिको परम्परा तोड्न सकेको खण्डमा प्रधानमन्त्रीले शिक्षा क्षेत्रमा नयाँ युगको सुरुवात गरेको मान्न सकिने छ । तथापि, यसका लागि कार्यन्वयन पक्ष भने पर्खनैपर्ने हुन्छ ।

# गीत सङ्गीतको भविष्य लामो छैन गायक सिताराम परियार



*काठमाडौं- गीत सङ्गीतमा लामो समय बिताइसकेको लोकदोहोरी गायक सिताराम परियार गीत सङ्गीत क्षेत्रका एक उदाहरणीय ब्यक्ति हुन् । उनले गायका कति गीत युट्युबको ट्रेन्डिङमा छन् भने कति गीतले इतिहास बनाएका छन् । "चल्यो बतास", "युके लन्डन", "सिन्दूर सिरैमा" जस्ता दर्जानौ गीतबाट चर्चा कमाएका लोक दोहोरी गायक सिताराम परियार जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा जोडिएका छन् । उनै गायकसँग गरेको कुराकानीलाई हामीले यस अफ्मा यसरी प्रस्तुत गरेका छौं ।*

**तपाईंको बाल्यकाल कसरी बित्यो ?**

म लाहुरे परिवारमा हुर्केको एक्लो छोरो भएकाले मेरो बाल्यकाल सुखमय अवस्थामा बित्यो । मलाई घरपरिवारबाट केही कुराको कमी हुन दिनु भएन । सबैको प्यारो थिए सबैको मायामा हुर्किए । म सानोमा सोझो थिए अहिले गीत सङ्गीत क्षत्रमा लागेर अलि बाठो भए । जे होस मेरो बाल्यकाल सुखमय अवस्थामा रमाइलो तरिकाले बित्यो ।

**कलाकारहरू दिनप्रतिदिन डिप्रेसनको सिकार बन्दै छन् तपाई पनि डिप्रेसनको सिकार बन्नु भयो किन ?**

आफ्नो भविष्यको बारेमा सोचाइ धेरै भयो । सानो प्रोग्राम पाउनको लागि यहाँ नाता बात, कृपावाद, कुन पार्टीको हो, जातीय कुराहरू चल्ने गर्छ । गीत सङ्गीतमा कला गला नहेरिने रहेछ । नेपालमा गीत सङ्गीतको महत्त्व छैन मान्छेहरू जो भाइरल छ उस्कैपछि दौडिने गर्दछन् । आफ्नो भविष्य परिवारको चिन्ता हरेक कुराको तनावले म बेहोस भएर अचेत अवस्थामा ढले । मलाई अचेत अवस्थामा हस्पिटलसम्म पुराइयो । कति मिडियाले सिताराम परियारले विष सेवन गरेर हस्पिटलमा छन् भनेर नराम्रा समाचार बनाए । म कसैको इख लिएर हिढेको मान्छे विष खाएर त काहा मर्थे । यो सम्योग मात्र थियो । गीत हिट हुनु विष सेवन गरो भनेर नराम्रा समाचार बन्नु । म धेरै तनावले डिप्रेसनको सिकार बने तर मैले विष सेवन गरेको हैन । सङ्गीत खबर कार्यक्रमबाट सम्पूर्ण दर्शक स्रोतालाई पुष्टि गर्न चाहन्छु ।

**गीत सङ्गीतको भविष्य कस्तो छ जस्तो लाग्छ तपाइलाई ?**

गीत सङ्गीतमा लागेर विदेशमा बसेकाले त आफ्नो परिवारलाई सुख, सहेल, आनन्द दिन सकेका होलान् तर नेपालमा बसेर गीत सङ्गीतमा लागेर आफ्नो दैनिकी गुजार चलाउन सक्ने स्थिति छैन । केही चलेका व्यक्तिले गाडी चढेका होलान तर प्राय कलाकारको अवस्था दुख दाही नै छ । नेपालमा नातावाद, कृपावाद चल्ने गर्छ सानो प्रोग्रामा जानालाई कुनै पाटीको झन्डा बोकेको हुनुपर्छ । कला, गला हेरिदैन् राजनीतिक पावर चल्ने गर्छ । अबको पाँच वर्षमा नेपालमा एउटा कार्यक्रम गर्नु पर्‍यो भने विदेशबाट नेपाली कलाकार झिकाउनुपर्छ । अबको पाँच वर्षमा नेपाली कलाकार सबै बिदेशीनछन् भविष्य छैन कलाकारिता क्षेत्रमा लागेर नेपालमा बिहान बेलुका छाक टार्ने गारो छ । नेपालमा गीत सङ्गीतको भविष्य लामो छैन । यो क्षेत्रको भविष्य म केही देख्दिन ।

**भोलिका दिनमा दर्शकले सिताराम परियारका कस्ता खालका गीत सुन्न सक्छन् ?**

भोलिका दिनमा दर्शकले सिताराम परियारका सबै प्रकारका गीत सुन्न सक्छन् । दर्शकले मेरो सिर्जनलाई मन पराइदिनु भयो भने म गीत सङ्गीत क्षेत्रमा बाची रहन्छु । आफ्नो रोजीरोटीको लागि मैले पनि विदेशको बाटो रोज्नु पर्ने हुन्छ। दर्शकको माया समय अनुसारका गीत मैले दर्शकलाई दिने कोसिस गरेको छु । "चल्यो बतास", "राजारानी" पछि दर्शकलाई राम्रा गीत दिन नसकेको हो की जस्तो मलाई पनि लागेको छ । गीत समय अनुसारको बनाउनु पर्ने रहेछ । तर कुन गीत दर्शकलाई मन पर्छ पत्तो नै हुँदैन हामीले त सबै गीत राम्रो नै हुन्छ, चल्छ भनेर बनाउछौं । कुन गीत चल्छ कुन गीत चल्दैन थाहा हुँदैन । गीत सङ्गीतमा भाग्य, समय सबै मिल्नु पर्छ जस्तो लाग्छ मलाई । गीत सङ्गीतको यात्रा लामो छ मेरो हरेक परिस्थितिको सामना गर्दै हिढेको छु गीत सङ्गीत क्षेत्रमा लागेर दैनिकी चलाउन त्यति सजिलो छैन । मेरो गीत सङ्गीतमा भविष्य बने पनि न बने पनि सधैं भरी नेपाली गीत सङ्गीत गुनगुनाउने गर्छु । *भन्दै लोक दोहोरी गायक सिताराम परियार जन आकाश मिडियासँग बताउँछन् ।*

# अरूणिमा शैक्षिक प्रतिष्ठानको स्थापना दिवसको अवसरमा स्रष्टाहरू सम्मानित

**काठमाडौं-** काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, कुमारीगालमा अवस्थित अरुणिमा शैक्षिक प्रतिष्ठानले आफ्नो ३९ औं स्थापना दिवसको अवसर पारेर २०८० साल माघ १६ गते विशिष्ट व्यक्तित्व अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ ।

इतिहासविद् प्रा. दिनेशराज पन्तको प्रमुख आतिथ्य तथा प्रतिष्ठानका अध्यक्ष भीमानन्द ढुङ्गानाको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमको समुद्घाटन कार्यक्रम अध्यक्ष, प्रमुख अतिथि, प्रतिष्ठानका संरक्षक र कार्यकारी प्रिन्सिपल एवम् अन्य विशिष्ट व्यक्तित्वहरूले संयुक्त रूपमा गर्नुभएको थियो ।

सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै सुरु भएको उक्त कार्यक्रममा कार्यकारी प्रिन्सिपल ईश्वरीप्रसाद लामिछानेले प्रतिष्ठानका समग्र गतिविधिहरू उल्लेख गर्दै उपस्थित व्यक्तित्वहरूलाई स्वागत गर्नुका साथै कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो ।

सो कार्यक्रममा शताब्दी पुरुष डा.गौरीशङ्कर लाल दास, वाद्य सम्राट न्हुच्छेबहादुर डङ्गोल र लोकप्रिय गायिका कुन्ती मोक्तान एवम् २० वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने शिक्षकहरू श्री खेमराज ढकाल, कुमारमणी गजुरेल र दिपेश कुमार नकर्मीलाई अभिनन्दन गरियो ।

अभिनन्दित व्यक्तित्व डा. गौरीशङ्कर लाल दासले विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै सारगर्भित भनाइहरू मार्फत् शिक्षकहरू तथा समग्र संस्थाप्रति सम्मान प्रकट गर्नुभयो । वाद्यसम्राट न्हुच्छेबहादुर डङ्गोलले अरुणिमा शैक्षिक प्रतिष्ठानबाट आफू



सम्मानित हुनु भनेको नेपालकै सङ्गीतको सम्मान हो, यो कुनै व्यक्ति विशेषलाई मात्र नभई संसारमा जो कोहीलाई पनि आवश्यक पर्ने भन्दै आफ्नो सङ्गीतिक प्रस्तुतिद्वारा मनोरञ्जन प्रदान गर्नुका साथै प्रतिभाहरूलाई अभिनन्दन गर्ने कार्यको निरन्तरताका लागि शुभेच्छा प्रकट गर्नुभयो ।

प्रमुख अतिथि प्रा. दिनेशराज पन्तले प्रतिष्ठान गुठी अन्तर्गत सञ्चालित नेपालकै उत्कृष्ट एवम् गरिमामय संस्था भएको कुरा उल्लेख गर्नुभयो ।

संस्थाका संरक्षक बुद्धिबहादुर थापाले अभिनन्दित व्यक्तित्वहरूलाई बधाई ज्ञापन गर्दै संस्थाको निरन्तर उन्नयनको कामना गर्नुभयो ।

कार्यक्रमका अध्यक्षले अभिनन्दित व्यक्तित्वहरूको विशिष्टताका बारेमा प्रकाश पार्दै बधाई तथा धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गर्नुभयो ।

# रामेछाप डायरी

## रामेछाप मानैँडाँडामा मोटरसाईकलको ठक्करबाट बालकको मृत्यु




रामेछापको मानैँडाँडामा मोटरसाईकलको ठक्करबाट एक बालकको मृत्यु भएको छ । रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ८ मानैँडाँडामा शनिबार दिउँसो ४ बजे मोटरसाईकले बालकलाई ठक्कर दिएको हो । सदरमुकाम मन्थलीबाट रामेछाप बजार आउँदै गरेको लु ९६ प १९६० नम्बरको मोटरसाईकले बालकलाई ठक्कर दिएको थियो ।

एक मोटरसाईकल वर्कशपमा काम गर्ने भारत घर भएका जाबेद खानको ७ वर्षका छोरा मुराज खानको ज्यान गएको हो । मोटरसाईकलको ठक्करबाट गम्भिर घाईते भएका बालकको धुलिखेल अस्पतालमा उपचारको क्रममा आईतबार(आज) बिहान १ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ । बालकलाई ठक्कर दिने मोटरसाईकल चालक नयाँ गोरख गण रामेछापमा कार्यरत मन्थली नगरपालिका २ का वर्ष २३ का अशोक थापालाई नियन्त्रणमा लिएर अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

## लागु तथा मनोद्दिपक औषधि सम्वन्धी एकदिने कार्यशाला सम्पन्न



नेपाल औषधि व्यवसायी संघ बाग्मति प्रदेश को समन्वय,औषधि व्यवस्था विभागको प्राविधिक सहयोग र नेपाल औषधि व्यवसायी संघ दोलखा रामेछापको आयोजनामा लागु तथा मनोद्दिपक औषधि सम्वन्धी एकदिने कार्यशाला तथा अन्तरक्रिया कार्यक्रम दोलखा चरिकोटमा भव्य रुपमा सम्पन्न भएको छ ।

नेपाल औषधि व्यवसायी संघका अध्यक्ष जीवन कुमार श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा ४०जनाको सहभागीता रहेको थियो । प्रमुख जिल्ला अधिकारी टुवराज पोखेलको प्रमुख आथित्यमा भएको सो कार्यक्रममा भिमेश्वर नगरपालिकामा रहेका निजी एवं सरकारी विधालयका विधार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

यस संस्थाका कोषाध्यक्ष भरत बस्नेतले संचालन गरेको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ,नेपाल औषधिव्यवसायी संघ वाग्मती प्रदेशका अध्यक्ष तथा सचिब एबं भिमेश्वर नगरपालिकाका प्रशासकीय अधिकृतले लागु तथा मनोद्दिपक औषधिको दुरुपयोगले समाजमा पुर्‍याउने असरको बारेमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

नेपाल औषधि व्यवसायी संघ दोलखा रामेछापका अध्यक्ष जीवन कुमार श्रेष्ठले संस्थाको गतिविधि एबं लागु तथा मनोद्दिपक औषधिको संम्वन्धमा आफ्नो धारणा राखेर कार्यक्रम समापन गर्नुभएको थियो ।

औषधि व्यवस्था विभागका फार्मेसी निरिक्षक विकास श्रेष्ठले औषधि व्यवसायी एबं विधार्थी हरुलाई लागु तथा मनोद्दिपक औषधि सम्वन्धि जानकारी गराउन दुई घण्टा कक्षा संचालन गर्नु भएको थियो ।सो कार्यक्रममा नेपाल औषधि व्यवसायी संघ दोलखा रामेछाप संयुक्त जिल्ला साखाले उपस्थित अथिति महानुभावहरुलाई र प्रतिनिधि विधालयलाई मायाको चिनो प्रदान गरेको थियो ।

## रामेछापको मन्थली नगरपालिका भित्र धूम्रपान र मद्यपान 'स्मोकिङ जोन'मा मात्रै गर्न पाइने, अटेर गर्नेलाई कारबाही

मन्थली नगरपालिकाले नगर भित्रका पसल, होटेलहरूमा धूम्रपान तथा मद्यपान गर्न कडाइ गरेको छ । उसले पसल र होटेलमा धूम्रपान गर्न 'स्मोकिङ जोन' तोकेर मात्रै गर्न निर्देशन दिएको छ। साथै यो निर्णय अटेर गर्नेलाई कानून बमोजिम कारबाही गर्ने सम्म चेतावनी समेत दिएको छ ।

मंगलबार नगरका प्रमुख प्रशासकीय अधिकृत हरि प्रसाद चापागाईंले एक सूचना जारी गर्दै १२ औ नगर सभाको निर्णय अनुसार 'बालमैत्री स्थानीय शासन युक्त' नगर घोषणा गर्ने लक्ष्य अनुरूप उक्त कार्य अगाडि

» बाकी ६ पृष्ठमा

जन आकाश राष्ट्रिय साप्ताहिक Jana Aakash National Weekly वर्ष -१६, अंक- २६, २०८० साल माघ २३ गते मंगलबार (Feb 6, 2024)

# लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेडको शेयर निष्काशन




काठमाडौं- लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेडले सर्वसाधारणलाई सहभागी गराउने उद्देश्यका साथ रु. १०० अंकित दरका १४,००,००० कित्ताले हुन आउने रकम रु.१४,००,००,०००/- (अक्षरुपी चौध करोड मात्र) बराबरको साधारण शेयरमा अंकित मुल्यमा प्रिमियम रकम थप गरी साधारण शेयर जारी गर्न लागेको छ ।

कम्पनीले उक्त कार्य गर्नका लागि नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडलाई निष्काशन तथा बिक्रि प्रबन्धकको रुपमा नियुक्त गरेको छ । लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक अंजनी नन्दन मारु र नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेडका तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेलल सम्झौता पत्रमा हस्ताक्षर गरे ।

लक्ष्मी टेक्नो प्लास्ट लिमिटेड वि.सं २०७२ असोज १८ गते प्राइभेट कम्पनी लिमिटेडको रुपमा स्थापित भई कम्पनी ऐन, २०६३ बमोजिम पव्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो । उक्त कम्पनी प्लास्टिक जन्य सामग्री जस्तै सि.पि.भि.सि पि.भि.सिपाइप्स तथा फिटिङ्गस्, प्लास्टिक फर्निचरहरु ,प्लास्टिकको पानी ट्याङ्की, औद्योगीक तथा घरायसी प्रयोजनका प्लाष्टिकका बाल्टिनहरु, प्लास्टिक जन्य घरेलु उत्पादनहरू जस्त डस्टबिन, एयर टाइट जार, साबुनबार बक्स, फ्रिज स्ट्यान्ड, मेलामाइन टेवल वेयर (प्लाष्टिकका थाल, कचौरा, चम्चा) आदि एउटै छातामुनी उत्पादन गर्ने नेपालको पहिलो र एक मात्र उत्पादन मुलक उद्योग हो ।

यसले ऋएख्क्ष्/एख्क्ष् र फिटिङ्गसका लागि मुख्य तया ओम शिवम पाइप्स एण्ड फिटिङ्स नामको तथा फर्निचर र अन्य घरेलु सामग्रीको लागि मेरिगोल्ड नामको ब्रान्डमा देशव्यापी रुपमा आधिकारिक वितरकहरू मार्फत आफ्नो उत्पादनको विक्रि वितरण गर्द आएको छ ।

# प्रभु महालक्ष्मी लाइफको मिड टर्म विजनेस समिट सम्पन्न



काठमाडौं- प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले नारायणगढ, चितवनमा 'मिड टर्म विजनेस समिट २०८०' कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ ।

कम्पनीका शाखा र उपशाखा प्रमुखहरु, क्षेत्रीय र उप क्षेत्रीय प्रमुखहरु, विभागीय प्रमुखहरु, उच्च व्यवस्थापकहरुको उपस्थितिमा माघ १९ गते देखि २१ गते सम्म ३ दिने विजनेस समिट कार्यक्रम सम्पन्न गरेको हो ।

मिड टर्म विजनेस समिट २०८०'को उद्घाटन कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले कार्यक्रमलाई सम्बोधन गर्दै निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले यस किसिमका विजनेस समिट कार्यक्रमले कम्पनीमा रहेका कर्मचारीहरुको कार्यक्षमता अभिबृद्धि, व्यक्तित्व एवं व्यवसायीक सफलतामा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले थपे दुईवटा कम्पनीको मर्जर पश्चात बनेको प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले आगामी दिनमा कर्मचारी, बीमित, तथा सरोकारवालाहरुमा थप उर्जा, जोस, उत्साह प्रदान गर्ने छ ।

एकताले नै समृद्धि हासिल हुन्छ । हाम्रो एकताले समृद्धिको सन्देश दिने छ । हाम्रो लक्ष्य प्राप्ती एवं सफलता हासिल टिम वर्कले नै सम्भव छ, त्यसैले हामी टिम वर्कमा काम गरौं निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले भने । कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत किशोर प्रसाद लामिछानेले अन्डरराइटिङ्गका बारेमा तालिम दिँदै सो सम्बन्धमा आएका जिज्ञासा माथि समेत प्रष्ट पारे ।

प्रभु महालक्ष्मी लाइफका नायव महाप्रबन्धक सोन बहादुर मगरले सम्बोधन गर्दै जीवन बीमा व्यवसाय र व्यवसाय बृद्धिका सुत्रहरुका बारेमा प्रष्ट पारे । नेपाल बीमा प्राधिकरणबाट प्राप्त निर्देशिका अनुसार कम्पनीले भर्खरै ल्याएको जीवन किरण सावधिक बीमा योजना (बालबालिका) बारेमा कम्पनीका प्रोडक्ट एण्ड रिसर्च डेभलपमेन्ट विभाग प्रमुख प्रयास श्रेष्ठको विस्तृत प्रस्तुती रहेको थियो ।

कम्पनीका सहायक महाप्रबन्धक नमश सिंह देउजाले स्वागत मन्तब्य दिए भने सहायक महाप्रबन्धक टीकादत्त प्याकुरेलले कार्यक्रममा धन्यवाद मन्तब्य व्यक्त गर्दै उल्लासपूर्ण रुपमा कार्यक्रम सम्पन्न भयो ।

# नेशनल लाईफको लुम्बिनी लक्जरी टुर र रानीमहल भ्रमण सम्पन्न



काठमाडौं- कम्पनीको मासिक योजनाअन्तर्गत तोकिएको लक्ष्य पुरा गर्ने अभिकर्ताहरुको उत्साहजनक उपस्थितीमा कम्पनीले लुम्बिनी लक्जरी टुर अन्तर्गत नेपालको प्रसिद्ध स्थल लुम्बिनी र पाल्पाको रानीमहल भ्रमण गराएको छ ।

कम्पनीका विभागिय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रमुखहरु र देशै भरीबाट उत्कृष्टव्य वसाय गरी योजनामा छनौट हुन सफल भएका करिब ४०० जनाभन्दा बढि बरिष्ठ अभिकर्ताहरुले कार्यक्रममा सहभागिता जनाएका थिए । सो अवसरमा कम्पनीका उपप्रमुख कार्यकारी अधिकृत स्मृतीराज कँडेलको सभापतित्वमा सम्मान कार्यक्रमको आयोजना गरी उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई सम्मान तथा प्रमाण पत्र प्रदान गरिएको थियो ।

उपप्रमुख कार्यकारी अधिकृत स्मृती राजकँडलले यस्ता भ्रमण कार्यक्रमबाट देशका विभिन्न क्षेत्रका अभिकर्ताहरु बिच एक आपसमा अर्न्तक्रिया पनि हुने र मनोरञ्जन पनि प्राप्त हुनुका साथै अभिकर्ता समूहको दक्षता अभिबृद्धिमा समेत प्रत्यक्ष लाभ पूऱ्याउने भएको हुँदा कम्पनीले यस प्रकारको अभिकर्ता योजना ल्याएको र अभिकर्ताहरुको उत्साहजनक उपस्थितीले योजना अत्यन्तै सफल भएको महशुस गरिएको बताए ।

# क्यापिटल र हाइड्रोपावर कम्पनीबीच शेयर प्रत्याभुति गर्ने सम्झौता



काठमाडौं- कालंगा हाईड्रो लिमिटेडले सर्वसाधारणका लागि जारी गर्ने प्रति शेयर अङ्कित मूल्य रु. १०० का दरले कुल ने.रु. ४९,००,००,००० बराबरको ४९,००,००० थान साधारण शेयर मध्ये ३४,९०,००,००० बराबरको ३४,९०,००० थान साधारण शेयरको प्रत्याभुति ज्योति क्यापिटलले गर्ने भएको छ ।

माघ १८ गते बिहिबार क्यापिटल र हाइड्रोपावर कम्पनीबीच शेयर प्रत्याभुति गर्ने सम्झौतामा हस्ताक्षर भएको हो ।

कालंगा हाईड्रो लिमिटेडको रजिष्टर्ड कार्यालय, धोबिघाट, ललितपुरमा आयोजित एक समारोहबिच ज्योति क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री विकास ढकाल, कालंगा हाईड्रो लिमिटेडको तर्फबाट सञ्चालक श्री तिर्थराज चटौतले शेयर प्रत्याभुति गर्ने सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

ज्योति विकास बैंकको सहायक कम्पनीको रुपमा रहेको ज्योति क्यापिटलको चुक्ता पुंजी २१ करोड रहेको छ । हरेक ग्राहकहरुको सम्पन्नताको सहयात्री बन्ने अभिलाषा बोकेको क्यापिटलले नेपाल धितोपत्र वोर्डमा मर्चेन्ट बैंकरको कार्य गर्न अनुमती प्राप्त गरी लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श, धितोपत्रको प्रत्याभूति सेवा प्रदान गरिरहेको छ ।

# उद्योगी व्यवसायीलाई हतारिएर थुन्ने सरकारी कार्यशैलीले लगानी सम्मेलन कसरी सफल हुन्छ ?

विराटनगर- नेपाल उद्योग परिसंघ (सीएनआई) का अध्यक्ष राजेशकुमार अग्रवालले उद्योगी व्यवसायीलाई पहिले थुन्ने अनि सुन्ने सरकारको कार्यशैलीमा सुधार हुनुपर्ने बताएका छन्। सीएनआईको शुक्रबार साँझ विराटनगरमा सम्पन्न राष्ट्रिय परिषद्को बैठकमा उनले यस्तो धारणा राखेका हुन् ।

अग्रवालले सरकारले उद्योगी व्यवसायीको मनोबल घटाएर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नसक्ने जिकिर गरे । उनले भने, 'तर सरकारबाट केही समययता भइरहेका क्रियाकलापले सम्पूर्ण व्यावसायिक क्षेत्रको मनोबल खस्किएको छ। एकातिर लगानी सम्मेलन गर्ने अर्कातिर उद्योगीको मनोबलमा प्रहार हुने गरी क्रियाकलाप गर्ने सरकारको नीति आफैंमा विरोधाभासपूर्ण छ।'

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष अग्रवालले उद्योगीले भोगेका समस्याको समाधानका लागि परिसंघले सरकार, , नियामक निकाय र राजनीतिक दलहरूसँग निरन्तर संवाद र सहकार्य गरिरहेको जानकारी दिए ।

उनले भने, 'आगामी वैशाखमा सरकारले लगानी सम्मेलन गर्न लागिरहेको छ। सरकारले लगानी सम्मेलनपूर्व नै लगानीकर्तालाई नेपाल लगानी गर्न उचित वातावरण भएको प्रत्याभूति दिलाउन सक्नुपर्छ। त्यसका लागि आवश्यक कानुन, नीति र व्यवहारमा सुधार अपरिहार्य छ।'

सीएनआई कोशी प्रदेशका अध्यक्ष पवनकुमार

» बाकी ६ पृष्ठमा

# अर्थ संसार

## युनिक वित्तीय संस्थाको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न



**कोहलपुर-** युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक प्रगति समीक्षा कार्यक्रम यही मिति २०८० माघ २० गते कोहलपुरमा सम्पन्न भएको छ । समीक्षा कार्यक्रममा शाखा कार्यालयका शाखा प्रमुखहरुले पालैपालो तोकिएको ढाँचामा अर्धवार्षिक प्रगति विवरण प्रस्तुत गरेका थिए । उक्त प्रगति विवरणमाथि वित्तीय संस्थाका कार्यकारी निर्देशक, सेक्सन प्रमुखहरुले टिप्पणी गर्नुका साथै सुझाव दिएका थिए । प्रस्तुतीकरणपछि सहभागीहरुबाट विभिन्न समसामयिक विषयमा ३ वटा समूह बनाई छलफल गराइएको थियो । सो कार्यक्रम युनिक वित्तीय संस्थाका अध्यक्ष श्री शिव बहादुर चौधरीको प्रमुख आतिथ्य तथा वित्तीय संस्थाका सञ्चालक श्री सन्तराम धरकट्वा थारु, पुरन प्रसाद चौधरी, जागेश्वर प्रसाद चौधरी, बालिका चौधरी, जगतराम चौधरी थारुको विशिष्ट आतिथ्यमा सम्पन्न भएको थियो । सभाध्यक्ष कार्यकारी निर्देशक डा.गोपाल दहित हुनुहुन्थ्यो । उक्त कार्यक्रममा कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका ४१ वटा शाखाका शाखा प्रमुख कर्मचारीहरु सहभागी थिए ।

## ग्लोबल आइएमई बैंकलाई आईएफसीको ५६ मिलियन डलर ऋण, लैङ्गिक तथा जलवायु फाइनान्सिङ्गमा परिचालन गर्ने

काठमाडौं- विश्व बैंक समूहको सदस्य अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)ले ग्लोबल आइएमई बैंक लिमिटेडलाई ५६ मिलियन अमेरिकी डलर अर्थात् करिब सात अर्ब ४१ करोड रुपैयाँ लगानी गर्ने सम्झौता भएको छ ।

यो लगानी महिलाद्वारा सञ्चालित व्यवसायहरु लगायत साना तथा मझौला उद्यममा वित्तीय पहुँच बढाउन तथा जलवायु मैत्री आयोजनालाई सहयोग गर्न परिचालन गरिनेछ । यस लगानीको उद्देश्य साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच प्रदान गर्दै बजारमा प्रतिष्पर्धी बनाउन सहयोग गर्ने, वित्तीय समावेशीकरणमा सुधार गर्ने, रोजगारी सृजना गर्ने र जलवायु लक्ष्य प्राप्तिमा सहयोग गर्ने रहेको छ ।

नेपालको वित्तीय क्षेत्रमा भएको आईएफसीको अहिलेसम्मकै सबैभन्दा ठूलो यस लगानी तथा परिचालनले ग्लोबल आइएमई बैंकलाई साना तथा मझौला व्यवसाय, कोभिड १९ महामारीबाट प्रभावित उद्यम, महिलाको स्वामित्वमा रहेका साना तथा मझौला उद्यम र ग्रामिण क्षेत्रमा रहेका उद्यम व्यवसायलाई सहयोग गर्न सघाउ पुऱ्याउनेछ ।

आईएफसीको यस लगानीले स्वच्छ यातायात, जलवायु-स्मार्ट कृषि र सौर्य परियोजनाहरुलगायत अन्य विभिन्न क्षेत्रको जलवायु वित्तमा पहुँच बढाएर नेपालमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका प्रयासमा विशेष योगदान पुऱ्याउनेछ ।

यस ऋणको पचास प्रतिशत ग्लोबल आइएमई बैंकले साना तथा मझौला र खुद्रा ग्राहकहरुको लागि जलवायु तथा लैङ्गिक क्षेत्रको लगानीमा समानरुपमा विनियोजन गर्नेछ । बाँकी ५० प्रतिशत साना तथा मझौला उद्यमहरुमा कर्जा प्रवाह गर्न प्रयोग गर्नेछ ।

नेपालमा कुनै पनि विकास वित्तीय संस्थाले कुनै पनि बैंकलाई लैङ्गिक वित्तीय फाइनान्स उपलब्ध गराएको यो पहिलो पटक हो । नेपालको अर्थतन्त्रको मेरुदण्ड साना तथा मझौला उद्यमले मुलुकको कुल गार्हस्थ उत्पादनमा २२ प्रतिशत योगदान गरेको छ र २० लाख बढी मानिसलाई रोजगारी दिएको छ । तथापि, ४४ प्रतिशत साना तथा मझौला उद्यमलाई अझै पनि वित्तीय पहुँचमा बाधा रहेको छ । यो अन्तर झण्डै ३.६ विलियन डलरको रहेको छ । महिलाको स्वामित्व रहेका साना तथा मझौला उद्यममा यो स्थिति अझ कमजोर रहेको छ । महिलाको स्वामित्व रहेका करिब ५२ प्रतिशत साना तथा मझौला उद्यममा सिमित वित्तीय पहुँच रहेको तथ्याङ्क छ ।

ग्लोबल क्लाइमेट इन्डेक्स (२०२१) मा जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित देशको दशौं स्थानमा रहेको नेपालका लागि सन् २०४५ सम्म शून्य उत्सर्जनको लक्ष्य भेटाउन जलवायु वित्तको विशेष महत्व रहेको छ । नेपाल राष्ट्र बैंकका कार्यवाहक गभर्नर डा. निलम ढुङ्गाना तिम्सिनाले नेपाल राष्ट्र बैंक नेपालमा वैदेशिक लगानी ल्याउने विषयमा निकै खुशी रहने बताउँदै त्यसका लागि नेपाल राष्ट्र बैंकले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले आईएफसीसँगको सहकार्यले बैंकलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बन्न सहयोग पुगेको बताए । आईएफसीसँगको यस ऋण सम्झौताबाट नेपालका साना तथा मझौला उद्यमको विकासमा सहयोग पुग्ने बताए ।

# मापसे गरी सवारी चलाउने छ महिनामा ३९ हजार भन्दा बढी



**काठमाडौं–** मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउनेमाथि कारबाहीलाई तीव्र पारेको छ । यस क्रममा प्रहरीले आर्थिक वर्ष २०८०/८१ को गत साउनदेखि पुससम्म मादक पदार्थ सेवन गरी सवारी चलाउने ३९ हजार दुई सय ७२ जना र लागू पदार्थ सेवन गरी सवारी चलाउने २ सय ४२ जनालाई कारबाही गरेको नेपाल प्रहरीले जनाएको छ ।

मापसेबाट गरिएको कारबाहीबाट कूल रु ३ करोड ९९ लाख ६९ हजार राजस्व सङ्कलन भएको प्रहरी प्रधान कार्यालय नक्सालले जनाएको छ । यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउँदै गन्तव्यमा पुऱ्याउन तथा दुर्घटना न्यूनीकरण गर्न मापसे तथा लापसे चेकिङ प्राथमिकतामा राखिएको छ ।

चालकले मापसे गरी सवारीसाधन चलाउँदा आकस्मिक र गम्भीर दुर्घटना निम्त्याउने गरेको तथ्याङ्कले देखाउँछ । सिसीटिभीको पहुँच न्यून र सीमित ठाउँमा मात्र ट्राफिक प्रहरीको उपस्थितिका कारण मापसे गरी सवारी चलाउने प्रवृत्ति बढ्दो देखिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले बताए ।

उनका अनुसार यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुका साथै मापसे तथा लापसे नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले सक्रियता देखाउँदै आएको छ । "दुर्घटनाबाट आफ्नो र यात्रुको ज्यान बचाउन प्रत्येक चालकले सही हालतमा सवारीसाधन चलाउनुपर्छ । यो कुरालाई स्थानीयस्तरमा सबै नागरिकले बुझ्न र पालना गर्न आवश्यक हुन्छ", केन्द्रीय प्रहरी प्रवक्ता ढकालले भने ।

यस आर्थिक वर्षको छ महिनामा मापसे गरी सवारी चलाउने काठमाडौं उपत्यकामा १८ हजार छ सय २७, कोशी प्रदेशमा दुई हजार पाँच सय २४, मधेस प्रदेशमा दुई हजार २१, बागमती प्रदेशमा एक हजार ९८, गण्डकी प्रदेशमा आठ हजार नौ सय २३, लुम्बिनी प्रदेशमा दुई हजार सात सय ७३, कर्णाली प्रदेशमा एक हजार दुई सय ६४ र सुदूरपश्चिम प्रदेशमा दुई हजार ४२ जना कारबाहीमा परेका प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

मापसे गरी सवारी चलाउने मात्र होइन मापसे गरी बाटोमा जथाभावी हिँड्नेका कारण पनि सवारीसाधनले ठक्कर दिँदा दुर्घटना हुने गरेको प्रहरीको भनाइ छ । काठमाडौं उपत्यकाका धेरै ठाउँमा सवारीसाधन चेकिङ गर्ने, लापसे सेवनमा मुद्दा चलाउने गरेका कारण चालक सजग र सचेत भई जनधनको क्षतिमा कमी आएको उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले बताए । उनले भने , "यसलाई निरन्तरता दिँदै सडक सुरक्षा र दुर्घटना न्यूनीकरणको लागि विषेश जोड दिँदै आएका छौं ।"

सो अवधिमा कारबाहीमा पर्नेबाट काठमाडौं उपत्यकामा रु एक करोड ८६ लाख २७ हजार, कोशी प्रदेशमा रु २५ लाख ३९ हजार पाँच सय, मधेस प्रदेशमा रु २० लाख ४२ हजार पाँच सय, बागमती प्रदेशमा रु ११ लाख १७ हजार, गण्डकी प्रदेशमा रु ९५ लाख ६८ हजार, लुम्बिनी प्रदेशमा रु २७ लाख ७३ हजार, कर्णाली प्रदेशमा रु १२ लाख ६० हजार र सुदूरपश्चिम प्रदेशमा रु २० लाख ४२ हजार राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ ।

यसैगरी उक्त अवधिमा लापसे गरी सवारी चलाउने काठमाडौं उपत्यकामा ८१, कोशी प्रदेशमा २८, गण्डकी प्रदेशमा ८८, लुम्बिनी प्रदेशमा २० र सुदूरपश्चिम प्रदेशमा २५ जना कारबाहीमा परेका छन् ।

प्रहरी प्रवक्ता ढकाल भन्नुहुन्छ, "मापसे, लापसे नगरी सवारीसाधन चलाउने कार्यलाई प्रवर्द्धन गर्न प्रहरी र नागरिकबीच सहकार्य र समन्वय गरी अगाडि बढ्नु आवश्यक छ । हाम्रो मुख्य ध्यान दुर्घटनाबाट धनजनको क्षति नहोस् भन्ने नै हो । नागरिकले पनि प्रहरीको यो कार्य मेरो आफ्नै सुरक्षाका लागि हो भन्ने कुरा मनन् गरिदिएमा सबैका लागि राम्रो हुनेछ ।"

# नेपाल चरा उत्सव आउँदो २६ गते देखि

**मध्यविन्दु–** दोस्रो नेपाल चरा उत्सव यही माघ २६ देखि २८ गतेसम्म नवलपरासीको कावासोतीमा हुने भएको छ । चरा तथा तिनको बासस्थानको संरक्षण, जनचेतनासँगसँगै सरोकारवालालाई जीविकोपार्जनमा टेवा पुग्ने गरी चरा पर्यटनको विकास गर्ने उद्देश्यका साथ चरा उत्सव आयोजना गर्न लागिएको हो ।

तीन दिनसम्म कावासोती नगरपालिका-१३ मा सञ्चालन गरिने उत्सवको मुख्य उद्देश्य चराको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्नु रहेको नेपाल चरा उत्सवका संयोजक मनशान्त घिमिरेले जानकारी दिए । नेपालमा सन् २०१८ मा पहिलो पटक चरा उत्सव भएको थियो । पछि सन् २०१९ मा कास्कीको पोखरामा चरा उत्सव आयोजना गरिएको थियो । उक्त उत्सवमा पाँचबुँदे घोषणापत्र जारी गरिएको थियो । कोभिड-१९ का कारण रोकिएको उत्सव पुनः आयोजना गर्न लागिएको उनले बताए ।




उत्सवमा जैविक विविधताको क्षेत्रमा काम गर्ने ३९ सङ्घसंस्थाका प्रतिनिधि, भारत, भूटान, श्रीलङ्का, मलेसिया, हङकङ, सिङ्गापुर, फिलिपिन्स, जापान, स्विजरल्यान्ड, अमेरिका, आयरल्यान्ड, बेलायतलगायत देशबाट प्रतिनिधिको सहभागिता रहने 'वर्ल्ड एजुकेसन सोसाइटी'का अध्यक्ष टीकाराम गिरीले बताए । उत्सवमा पक्षी पहिचान तालिम, ट्रेल प्याकेज, फोटो प्रदर्शनी, पक्षीकला प्रतियोगिता, पक्षी अवलोकन, गिद्धका गतिविधि अवलोकन, जङ्गल सफारी, लोकसांस्कृतिक प्रस्तुति, पक्षी सँगोष्ठी, कक्ष प्रदर्शनी, निःशुल्क स्वास्थ्य शिविरलगायत गतिविधि गरिने छन् ।

नेपालमा आठ सय ९४ प्रजातिका पक्षी पाइन्छन् । नवलपुरको नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास पाँच सय ६५ प्रजातिका चरा पाइन्छन । नेपालमा विश्वमै दुर्लभ मानिएका ४३ प्रजातिका चरा पाइने गरेकामा नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास ३९ प्रजातिका चरा पाइन्छन् । पोखरा पक्षी समाजको आयोजना, जटायु रेस्टुरेन्ट व्यवस्थापन समिति र वर्ड एजुकेसन सोसाइटीको सहआयोजनामा चरा उत्सव सञ्चालन गर्न लागिएको हो । उत्सवको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपाल पन्छी संरक्षण सङ्घले समन्वय गरेका छन् ।

# नेपाल स्काउटको निर्वाचन माघ २२ र २७ गते




**काठमाडौं–** १२ वर्षसम्म निर्वाचन हुन नसकेको नेपाल स्काउटको तीनै तहको निर्वाचन माघ २२ र २७ गते हुने भएको छ । गत २०८० पौष २३ गते मन्त्री लिम्बुको अध्यक्षतामा बसेको राष्ट्रिय परिषद्को बैठकले १२ वर्षपछि नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय परिषद्हरुको निर्वाचन तोकेको हो ।

निर्वाचनलाई स्वच्छ र निष्पक्ष रुपमा सञ्चालन गर्न युवा तथा खेलकुद मन्त्रालयलले सहसचिव शिव रेग्मीको अध्यक्षतामा पाँच सदस्यीय निर्वाचन समिति समेत गठन गरेको छ ।

बालबालिका तथा युवाहरुलाई अनौपचारिक शैक्षिक अभियान मार्फत अनुशासित, कर्मठ, स्वावलम्बी र राष्ट्रप्रेमी नागरिकको रुपमा उत्पादन गर्ने उद्धेश्य बोकेको स्काउट अभियान विश्वका १७० भन्दा बढी मुलुकमा सञ्चालनमा छ । २०६८ यता राजनीतिक दलहरुको कोपभाजनको सिकार भएको नेपाल स्काउटमा निर्वाचन बिना तदर्थ समितिले नै सम्पूर्ण प्रशासनिक कार्य गर्दै आइरहेको थियो ।

# खेलकुद

## भरतपुर मेयर्स कप क्रिकेटको खेल तालिका सार्वजनिक




भरतपुर- भरतपुर मेयर्स कप अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको नकआउट चरणको खेल तालिका सार्वजनिक भएको छ । आगामी माघ २६ गतेदेखि सुरु हुने प्रतियोगितामा सहभागी २० वटा विद्यालयलाई दुईवटा समूहमा विभाजन गरिएका छन् ।

प्रतियोगितामा सहभागी महानगरभित्रका १० सामुदायिक विद्यालय समूह 'ए' मा छन् भने बाँकी १० वटा निजी विद्यालय समूह 'बी' मा छन् । माघ २६ देखि फागुन १ सम्म हरेक दिन २ खेल खेलाउने गरी तालिका बनाइएका छन् ।

नकआउट चरणमा विजयी ५ सामुदायिक र ५ निजी विद्यालयले मेयर्स कप लिग खेल्नेछन् । राउण्ड रोबिनका आधारमा खेलाइने लिग चरणका खेल फागुन ४ बाट सुरु गरिने सहआयोजक चितवन जिल्ला क्रिकेट संघका अध्यक्ष सुदीप पियाले जानकारी दिए ।

प्रतियोगितामा सहभागी १० वटा सामुदायिक विद्यालयलाई प्रतियोगिताका मूल प्रायोजक एक्सपर्ट एजुकेसन एण्ड भिजा सर्भिसेज चितवनले आवश्यक खेलसामग्री र गेम जर्सी प्रदान गर्न लागेको छ । आगामी माघ २४ गते आयोजक भरतपुर महानगरपालिकाको सभाहलमा आयोजना गरिने कार्यक्रममा ती खेलसामग्री र जर्सी हस्तान्तरण गरिने एक्सपर्ट चितवनका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले जानकारी दिए । एक्सपर्टले ८ लाख ६० हजार बराबरका खेलसामग्री र जर्सी दिने समझदारी महानगरसँग गरेको छ ।

भरतपुर महानगरपालिकाले ग्रासरुट क्रिकेटको विकास गर्नका लागि मेयर्स कप वार्षिक बजेटमै समेटेको छ । यसलाई निरन्तर अघि बढाउने योजना भरतपुर महानगरपालिकाको रहेको मेयर रेनु दाहालले बताएकी छन् ।

## रोटरी रत्ननगरले मिनी म्याराथन गर्ने




चितवन- रोटरी क्लब रत्ननगरले फागुन १९ गते साढे १५ किलोमिटर दुरीको मिनी म्याराथन गर्ने भएको छ । सोही समयमा महिलाहरूका लागि ५ किलोमिटर दुरीको प्रतियोगिता गरिने क्लबले सो मबार रत्ननगरमा आयोजना गरेको पत्रकार सम्मेलन जानकारी दिएको छ । पहिलो प्रतियोगिता गरेको चार वर्षपछि क्लबले दोस्रो पटक मिनी म्याराथन गर्न लागेको हो । यो पटक पुरस्कारको राशी बढेको छ ।

साढे १५ किलो मिटर खुला मिनी म्याराथनमा पहिलो हुनेले एक लाख रुपैयाँ नगद र चाँदीको मेडल तथा प्रमणपत्र पाउने मिनी म्यार ाथनका संयोजक विपिन पोखरेलले जानकारी दिए । दोस्रो हुनेले ५० हजार रुपैयाँ र तेस्रो हुनेले २५ हजार रुपैयाँ नगदका साथै चाँदीको मेडल र प्रमाणपत्र पाउने छन् । चौथो हुनेले १० हजार, पाँचौंले पाँच हजार र छैठौंदेखि १० औं हुनेले तीन हजार रुपैयाँ नगद र प्रमणपत्र पाउने छन् ।

त्यसै गरी सिमान्तकृत वर्गमा रहेको चितवनको पहाडी क्षेत्रमा बसो बास गर्ने आदिवासी समुदाय चेपाङबाट सहभागी भएर दुरी पुरा गने ले नगद दुई हजार रुपैयाँ प्रोत्साहन पुरस्कार पाउने संयोजक पोखरेलले बताए । महिलाको पाँच किलो मिटर दौडमा पहिलो हुनेले २० हजार रुपैयाँ, दोस्रो हुनेले १० हजार रुपैयाँ र तेस्रो हुनेले पाँच हजार रुपैयाँ नगद र चाँदीको मेडल तथा प्रमणपत्र पाउने छन् ।

महिला तर्फ चौथो हुनेले तीन हजार, पाँचौ हुनेले २५ सय र छैठौंदेखि १० औं स्थानसम्म रहनेले दुई हजार रुपैयाँ नगद र प्रमणपत्र पाउने पोखरेलले जानकारी दिए । चेपाङ समुदायबाट सहभागी भएका महिलालले दुरी पुरा गरेमा प्रोत्साहन स्वरुप हजार रुपैयाँ नगद पुरस्कार दिने पनि पोखरेलले बताए । रोटरीले यसअघि ७६ सालको माघमा गरे को मिनी म्याराथनमा सशस्त्र प्रहरीका गोपिचन्द्र पार्की पहिलो हुँदै ५० हजार रुपैयाँ पाएका थिए ।

यो पटक पुरस्कारको राशी र स्वरुप पनि बढाएको आयोजकले बताएका छन् । प्रतियोगितामा यो पटक पनि राष्ट्रियस्तरका धावकहरू सहभागी हुने आयोजकको अपेक्षा छ । फागुन १७ गतेसम्म नामांकनको समय दिइएको छ । मिनी म्याराथन नारायणगढ नदी किनारबाट सुरु भएर रत्ननगरमा सकिने छ भने महिलाको दौड भरतपुर गोन्द्राङ टिकौली जंगलबाट सुरु भएर रत्ननगरमा सकिने छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २६, २०८० साल माघ २३ गते मंगलबार (Feb 6, 2024)

## चिलीमा डढेलो, ४६ जना भन्दा वढीको मृत्यु



चिली- चिलीका राष्ट्रपति गेब्रियल बोरिकले मध्य चिलीको भल्पराइसो क्षेत्रको जंगलमा जारी आगलागीमा परी कम्तीमा ४६ जनाको मृत्यु भएको जानकारी दिएका छन् ।उनले मृतकको संख्या अझै बढ्न सक्ने आशंका व्यक्त गरेका हुन् ।

अधिकारीहरूका अनुसार आगलागीबाट समुद्री किनारको पर्यटक सहर भिना डेल मार वरपरका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएका छन्। राहत र उद्धार टोलीका कर्मचारी प्रभावित क्षेत्रमा पुग्न संघर्ष गरिरहेका छन् ।

भिना डेल मार सहरका मेयरले सहरका २०० भन्दा बढी बासिन्दा बेपत्ता भएको बताएका छन् । गृह मन्त्रालयका अनुसार यस आगलागीबाट देशभर ४३० वर्ग किलोमिटरभन्दा बढी क्षेत्रफल प्रभावित भएको छ । सामान्यभन्दा बढी गर्मी र तेज हावाका कारण आगलागी भएको हो ।

### भरतपुर महानगर...

पृष्ठ १ बाट जारी

नै पर्ने भएको हुदा आर्थिक रुपमा सधै चेपिएर खुलेर जिउन नसक्ने अवस्थामा नागरिकहरु छन् ।

व्यवस्थाहरु धेरै खालका परिवर्तन भएपनि जनताको अवस्थामा परिवर्तन आउन सकेको छैन । अर्थिक रुपमा देशका नागरिकहरु माथि बैदेशिक ऋणको भार थपिदै गएको छ । यस्तो अवस्था आउनु भनेको नेपालीहरुको भविष्य माथि नै खतराको संकेत हो । यस्तो अवस्थालाई अध्ययन गरेर अहिलेदेखिनै समस्याको सावधान खोज्ने र नागरिकहरुलाई आयस्तरमा आर्थिक रुपमा कसरी सवल बनाउन सकिन्छ त्यता पर्टी सोचेर काम गर्नुपर्ने देखिन्छ । सम्बन्धित निकायको ध्यान जाओस् ।

### उद्योगी व्यवसायी...

पृष्ठ ४ बाट जारी

शारडाले नेपाल सरकारले अहिले पनि जंगबहादुरका पालाको 'जंगे कानुन'को प्रयोग गरेर व्यवसायीलाई दुःख दिइरहेको भन्दै आक्रोश व्यक्त गरे।

अध्यक्ष शारडाले भने, 'एकातिर मुलुकका श्रमिकहरू धमाधम वैदेशिक रोजगारीमा गइरहेका छन् । अध्ययनका लागि विदेश गएका विद्यार्थीहरू फर्किरहेका छैनन्। अर्कातिर सरकार रोजगारी दिइरहेका उद्योगीलाई जंगबहादुरका शैलीमा पालैपालो थुनिरहेको छ।'

'भाटभटेनीका साहूलाई दुई महिना थुनेर सरकारले के पायो?,' प्रश्न गर्दै शारडाले थपे, 'सरकारले मीनबहादुरलाई दुई महिना थुनेर दुःख नदिएको भए उनले अर्को ठाउँमा स्टोर खोल्थे, लगानी बढाउँथे। मीनबहादुरको घटनाले उनीसँगसँगै देशभरिका व्यवसायीमा निराशा छायो । उनको घटना पुरानो हुन नपाउँदै अरुण चौधरीमाथि अर्को प्रहार गरियो।'

उद्योगी अरुणलाई अदालतबाट अभियोग प्रमाणित भएर फैसलाबमोजिम थुनामा राखेको भए व्यावसायिक जगतको आपत्ति हुँदैनथ्यो भन्ने धारणा उनको छ। चौधरीको अभियोग प्रमाणित नै नभइ सामाजिक सञ्जाल र मिडियाबाट सस्तो वाहवाही कमाउन सरकारले धरपकड गर्ने काम गरेको आरोप उनले लगाए ।

अध्यक्ष शारडाका अनुसार सीएनआईका क्रियाकलापलाई सातै प्रदेशमा विस्तार गर्ने उद्देश्यका साथ राष्ट्रिय परिषदको बैठक विराटनगरमा गरिएको हो । बैठकको संयोजन सीएनआई कोशी प्रदेशले गरेको थियो ।

पत्रकार सम्मेलनमा सीएनआईका केन्द्रीय उपाध्यक्ष भीम घिमिरेले उद्योगी व्यवसायीका लागि वर्तमान समय अत्यन्त निराशाजनक रहेको विचार व्यक्त गरे । राज्यका पछिल्ला गतिविधिले उद्योगीलाई निरुत्साहित बनाएको र सरकारले लिएका नीति सहजीकरण गनेभन्दा पनि अप्ठ्यारो पार्ने खालका रहेको भन्ने टिप्पणी उनले गरे ।

### धूम्रपान...

पृष्ठ ४ बाट जारी

बढेको बताउँदै मद्यपान तथा धूम्रपानमा बालबालिकालाई असर नपुऱ्याउने गरी सेवन गर्न आग्रह गरेका हुन् ।

प्रशासकीय अधिकृत चौलागाईले जारी गरेको पत्रमा 'बालमैत्री स्थानीय शासन सघन रूपमा कार्यान्वयन गर्न गराउन १४ वटै वडाको भू-भाग भित्र संचालित खुद्रा पसल, किराना पसल र होटेल व्यवसायमा नगरपालिकाबाट टाँस भएको 'सावधान स्टिकर' बमोजिम गर्भवती महिला र १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई मद्यपान, धूम्रपान सुर्तीजन्य वस्तु ओसारपसार तथा बिक्री वितरण नगर्नु हुन साथै निकृष्ट बालश्रममा नलगाउनु हुन' भनिएको उल्लेख छ ।

यस अगाडि नगरपालिकाको अगुवाइमा १४ वटै वडा, सार्वजनिक स्थलहरू, सवारी सधानमा बालबालिका मैत्री जानकारी गराउँदै स्टिकर टाँसेको थियो ।

सोही अनुसार अब नगरभित्र १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई धूम्रपान, मद्यपान र सुर्ती जन्य पदार्थ ओसारपसारमा संलग्नता गराउन पाइने छैन । त्यसको लागि नगरले ७ दिन भित्रमा व्यवस्थापन गर्न समय समेत तोकेको छ ।

नगरको सूचनाको बेवास्ता गरी कानुनले निषेध गरिएको कार्य गरे गराएको थाहा पाएमा कानून बमोजिम दण्डित गर्ने समेत जारी सूचनामा चेतावनी दिइएको उल्लेख छ ।

## माडीबाट नाका खुलाउन महामन्त्री थापाको ध्यानाकर्षण



**चितवन–** माडीका स्थानीयवासीले नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापालाई बागमती प्रदेशको माडीबाट भारतीय नाका खुलाउन ध्यानाकर्षण गराएका छन् । पूर्वपश्चिम हुलाकी मार्ग संवाद यात्राका क्रममा शनिबार राति माडी आइपुगेका थापालाई कांग्रेस माडी नगरसमितिले विभिन्न विषयमा ध्यानाकर्षण गराउने क्रममा माडीको सीमा नाका खुलाउन पहलकदमी गरिदिन आग्रह गरेको हो ।

कांग्रेस चितवनका सभापति राजेश्वर खनालका अनुसार स्थानीय पार्टीको मागप्रति महामन्त्री थापाले आफू सकारात्मक रहेको भन्दै सम्बन्धित निकायमा पहलकदमी गर्ने बताए । कांग्रेस माडी नगर सभापति कोमलनाथ भुसालले ध्यानाकर्षणका क्रममा सिङ्गो बागमती प्रदेश सीमानाकासँग नजोडिएको भन्दै यसबाट यहाँको विकासमा बाधा पुगेको बताए ।

दक्षिणमा भारत र उत्तरमा चीनसँगको सिमाना जोड्ने सडक यसै माडी नगरपालिका क्षेत्र भएर जाने भएको हुँदा बागमती प्रदेश तथा सिङ्गो देशका लागि हितकर हुने ठोरी नाका अविलम्ब सञ्चालन गर्नुपर्ने वा माडीबाटै वैकल्पिक मार्गको खोजी गरी सञ्चालनमा ल्याउनुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

पर्साको ठोरीसँग भारतीय नाका जोडिएको छ, यद्यपि यो नियमित सञ्चालनमा छैन । यो क्षेत्र माडी नगरपालिकामा पार्ने भनिए पनि त्यसो हुन नसक्दा सिङ्गो प्रदेश भारतीय नाकासँग जोडिएको छैन । सो क्रममा माडी पार्टी समितिले यस क्षेत्रलाई पूर्ण सिञ्चित स्थानीय तह घोषणा गर्न, रामायण महाभारत सर्किट निर्माण गर्नेलगायतका १० बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ

### बर्लिनका गोल्डेन...

पृष्ठ १ बाट जारी

देखि निरन्तर प्राध्यापनमा संलग्न छन् । अहिले विश्व सिनेमामा नाम बनाएका चेन काई, तिआन् झाङझुङ, झाङ यिमाऊ, जिया जाङके शिए फेइकै विद्यार्थी हुन् ।

८० वर्षको उमेर पार गरेका शिए फेइ अहिले पनि नयाँ पुस्ताका चलचित्रकर्मीका लागि आर्ट कन्सल्टेन्टको रुपमा काम गर्छन् ।

यस वर्षको संस्करणमा ४० देशका ८८ वटा लामा, छोटा तथा वृत्तचित्र प्रदर्शन हुनेछन् । प्रतिस्पर्धामा रहेका फिल्मको प्रदर्शनसँगै महोत्सव अवधिभर फिल्म निर्माणका विभिन्न विधासँग सम्बन्धित रहेर कार्यशाला, छलफल र अन्तर्क्रियाका कार्यक्रम पनि आयोजना गरिने पनि आयोजकले जनाएको छ ।

महोत्सव आगामी चैत १ देखि ५ सम्म काठमाडौंमा आयोजना हुनेछ ।

### चावहिल जुत्ता चप्पल...

पृष्ठ १ बाट जारी

गौशाला, चुच्चेपाटी, बौद्ध, जोरपाटी, आरुबारी, साँखुलगायत वरपरका सबैक्षेत्रका आम उपभोक्तालाई जोड्ने मुख्य लक्ष्य राखि प्रथम चावहिल जुत्ता चप्पल व्यापार मेला आयोजना गरिएको उनले जानकारी दिए ।

विगतमा पनि देशभरका विभिन्न स्थानहरुमा नेपाली जुत्ता चप्पलको मेला महोत्सव गर्दै आएको जुत्ता चप्पल उद्योगीहरुले यस वर्ष पनि विभिन्न स्थानमा जुत्ता चप्पल मेला आयोजना गरिरहेका छन् ।

नेपाली जुत्ता चप्पल उप्पादन गरि स्वदेशी वस्तुको प्रयोगमा फुटवयर क्षेत्रको उल्लेखनीय योगदान रहेको छ । नेपाली बजारमा करिब ६५ प्रतिशत योगदान नेपाली जुत्ता चप्पल उत्पादनले गर्न सफल भएको उद्योगी रामकृष्ण प्रसाईले बताए । उत्पादन क्षमता वार्षिक १६ करोड जोर रहेकोमा नेपाली बजारमा १० करोड माग रहेको तर बिक्री भने जम्मा ६ करोड मात्र रहेको उनले जानकारी दिए । अझै यसलाई बजारीकरणका लागि विभिन्न स्थानहरुमा प्रदर्शनी तथा मेला गर्नु परेको उनको भनाई छ । उनले राज्यले व्यवसायीलाई संकट परेको बेला नीति बनाई विशेष प्याकेज ल्याउनु पर्नेमा उल्टो अपराधी जस्तो व्यवहार गरेको आरोप लगाए ।

मेलमा सुरभी पोलिमर्श कम्पनीका हाई लाइफ, पवित्र शु इण्डष्ट्रिजका शु ल्याण्ड, फुट फेशनका बेली, बोस शुज कलेक्शनका बोस शुज, वेलकम शुज कलेक्शनका आइडल, फुटमाण्डु शुजका भेनस, नमस्ते फुटवयरका सिल्स, हिमानी कलेक्सनका हिमानी, सुबोध एण्ड सुस्मिता ट्रेड्सका वन वर्ल्ड, बज्र फुटवयर इण्डष्ट्रिजका कोसेली, रन शुज इण्डष्ट्रिजका रन शुज, शिखर शुज इण्डष्ट्रिजका शिखर शुज, पारागन फुटवयर इण्डष्ट्रिजका पिजी शुज, नियशा शुज इण्डष्ट्रिजका ब्याम्बो शुज लगायतको कम्पनी तथा ब्राण्डका रहेका छन् ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष दिनेश श्रेष्ठले संकटग्रस्त अवस्थामा पनि राज्यले व्यवसायीहरुलाई निकृष्ठ व्यवहार गरेको बताए । आर्थिक गतिविधिलाई चलयमान बनाउन सरकारले व्याजदर केहि घटाए पनि त्यो प्रयाप्त नभएको उनले बुझाई छ । राज्यले व्यवसायीको समस्या नबुझ्दा कालो सुचिमा पर्ने, कारवाहीमा गर्ने गरेको उनले बताए । उद्योग चल्दा र व्यवसाय राम्रो हुँदा राज्यलाई कर तिरेका व्यवसायीमाथि समस्या आउँदा र संकटग्रस्त हुँदा राज्यले पनि विशेष नीति ल्याई व्यवसायीको मर्का बुझ्नु पर्ने सरकारको दायित्व भएको उनले उल्लेख गरे । एक महिने मेलामा करिब ५ करोड रुपैयाँ बराबरको ३० देखि ३५ हजार जोर भन्दा बढि जुत्ता चप्पल बिक्रि हुने अनुमान गरिएको छ ।

# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई गैर-इस्लामिक विवाह गरेको अभियोगमा ७ वर्ष जेल सजाय



**काठमाडौं–** पाकिस्तानको एक अदालतले पूर्वप्रधानमन्त्री इमरान खान र उनकी श्रीमतीको विवाह गैर-इस्लामिक र गैरकानुनी भएको फैसला गर्दै सात वर्षको जेल सजाय सुनाएको छ । अदालतले खानले सन् २०१८ मा गरेको बुशरा बीबीसँगको विवाह गैरकानुनी ठहर गरेको हो ।


खान भ्रष्टाचारको आरोपमा जेलमा छन् । ७१ वर्षीय खानले आफूविरुद्ध भएका धेरै मुद्दाहरू राजनीतिक रूपमा प्रेरित भएको बताएका छन् ।पाकिस्तानका पूर्व क्रिकेट कप्तानबाट राजनीतिज्ञ बनेकालाई सन् २०२२ मा प्रधानमन्त्री पदबाट हटेका थिए ।

बीबीका पूर्व पतिले उजुरी दिएका थिए, उसले खानसँगको विवाह धोखाधडी भएको बताएका थिए । मुस्लिम पारिवारिक कानून अनुसार, श्रीमानको मृत्यु भएको वा सम्बन्धविच्छेद भएको केही महिनासम्म महिलाहरूलाई पुनर्विवाह गर्न निषेध गरिएको छ। बीबीले सम्बन्धविच्छेदपछि तोकिएको समय नपुग्दै दोस्रो विवाह गरेको अदालतले ठहर गरेको छ ।

खान प्रधानमन्त्री निर्वाचित हुनुभन्दा अघि यो जोडीले विवाह गरेको थियो । ४० वर्षको उमेरकी बीबी खानकी तेस्री पत्नी हुन् ।

खानका लागि शनिबार तोकिएको जेल सजाय एक साताभन्दा कम अवधिमै तेस्रो हो । गोप्य कागजात चुहावट गरेको अभियोगमा गत मंगलबार उनलाई १० वर्षको जेल सजाय सुनाइएको थियो । गत बुधबार उनी र उनकी श्रीमतीले साउदी युवराजबाट गहनासहित कार्यालयमा प्राप्त राज्य उपहारहरू बेचेको वा राखेको ठहर गर्दै १४ वर्षको जेल सजाय सुनाइएको थियो । अदालतले बुशरा बीबीलाई घरमै नजरबन्दमा राख्न अनुमति दिएको छ ।

## १३ जना इरान समर्थक लडाकुको मृत्यु



**काठमाडौं–** अमेरिकाद्वाराले सिरियामा गरेको हमलामा १३ जना इरान समर्थक लडाकुको मृत्यु भएको छ । अमेरिकी हवाई आक्रमणमा शुक्रबार राति पूर्वी प्रान्त देइर अल-जोरमा इरान समर्थक लडाकुहरूको गढलाई लक्षित गरी अमेरिकाले इरानी लक्ष्यहरू विरुद्ध प्रतिकारात्मक हमला गरेको थियो ।

हवाई आक्रमणले अल-मायादीन शहरको मरुभूमिमा रहेको हैदरिया क्षेत्रका साथै अल-मायादीनको ग्रामीण इलाकामा रहेको ऐन अली र अल-शिब्लीको तीर्थस्थलहरूलाई निशाना बनाएको थियो ।

सिरियाली अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार सिरियाली इराकी सीमा नजिकै अल-बुकमाल शहरको अल-हिजाम क्षेत्र र औद्योगिक छिमेकलाई पनि निशाना बनाएको छ ।

कुल मिलाएर, युद्ध जेटहरूले अल-मायादीनमा तीन राउण्ड हवाई आक्रमण र अल-बुकमालमा एक राउण्डमा देर अल-जोरमा १७ साइटहरू ध्वस्त पारेको छ । अमेरिकी टोही विमानहरूले क्षेत्रको हवाई क्षेत्रमा गहन रूपमा गस्ती गर्न जारी राखेका छन् ।

सम्भावित लक्ष्यहरूको बारेमा गुप्तचरको कमी र आगामी घण्टामा अपेक्षित अमेरिकी हड्ताललाई अवशोषित गर्ने तिनीहरूको तयारीका कारण इरान-सम्बन्धित मिलिशियाहरू बीचमा महत्त्वपूर्ण भ्रम प्रकट गरेको छ ।

अमेरिकी आक्रमण हुनुभन्दा दुई घण्टाअघि अब्जर्भेटरीले इजरायली र पश्चिमी इलेक्ट्रोनिक इन्टेलिजेन्स र हवाई निगरानी विमानहरूले मध्य र दक्षिणी सिरियातर्फ सिरियाली भूभागमा गहिरो जासुसी गरिरहेको बताएको थियो । गत आइतबार, जोर्डनमा एक अमेरिकी आधारशिविरमा ड्रोन आक्रमणमा तीन अमेरिकी सैनिकको मृत्यु भएको थियो ।

गाजामा इजरायली सैन्य अभियानको साथमा सिरिया र इराकमा अमेरिकी अड्डाहरूमा ड्रोन आक्रमणलाई तीव्र पारेका इरान समर्थक मिलिशियाहरूलाई आक्रमणको लागि दोषी ठहराइएको थियो । इजरायलले पनि सिरियामा इरानी हितहरूमा आफ्नो आक्रमण बढाएको छ, सिरियामा आइआरजीसीका धेरै सदस्यहरू मारिएका छन् ।

यसअघि शुक्रबार इजरायली लडाकु विमानहरूले सिरियाको राजधानीको दक्षिणमा रहेका धेरै स्थानहरूमा हवाई आक्रमण गरेको थियो । आक्रमण सिरियाको कब्जामा रहेको गोलान हाइट्सको दिशाबाट गरिएको थियो । अब्जर्भेटरीले आईआरजीसीका एक सल्लाहकार र उनीसँगका एक इराकी व्यक्तिको आक्रमणमा मारिएको बताएको छ । हवाई आक्रमण जारी रहेको पुष्टि भएको छ ।

# आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एउटै फिल्ममा दिखिने : ‘पुजार साकी’को छायात्कन सुरु



**पोखरा–** अभिनेता त्रय आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहले एकसाथ अभिनय गर्न लागेको महत्त्वाकाङ्क्षी चलचित्र ‘पुजार सार्की’को शुभमुहूर्त भएको छ। मंगलबार कास्की जिल्लाको कास्कीकोटमा भएको मुहूर्तसँगै चलचित्र छायाङ्कनमा गएको छ।

आइतबार फर्स्ट लुक पोस्टर सार्वजनिकसँगै चलचित्र युनिट कास्की जिल्लाको कास्कीकोट गाउँ पुगेको थियो। चलचित्रको छायाङ्कन सोही गाउँमा हुनेछ। निर्देशक राउतले यो चलचित्रलाई जातीय विभेदविरुद्ध समाजका तीन पात्रहरूले गर्ने साझा सङ्घर्षको कथा रहेको बताएका छन्। यो चलचित्रलाई विकास सुवेदीले लेखेका छन्। यसअघि विकास र दिनेशले चलचित्र प्रकाशुमा सहकार्य गरेका थिए।

यस चलचित्रमा अभिनेत्रीद्वय अन्जना बराइली र परीक्षा लिम्बुले पनि प्रमुख भूमिकामा अभिनय गर्दैछन्। बराइलीले यसअघि चलचित्र ‘ महापुरुष’मा अभिनय गरेकी थिइन्। परीक्षाले ‘ जारी’ र ‘छक्का पन्जा ४’मा अभिनय गरेकी छन्। साथमा, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको अभिनय रहनेछ।

# फिल्म ‘चित्रा’ माघ २६ देखि अष्ट्रेलियामा प्रदर्शन हुँदै

**काठमाडौं–** स्वदेशमा प्रदर्शनपछि फिल्म ‘चित्रा’ अब नेपाली डायस्पोराको ठूलो बजार अष्ट्रेलियामा रिलिज हुने भएको छ। अष्ट्रेलियाली हलमा रि लिज हुँदै फिल्मले अन्तर्राष्ट्रिय प्रदर्शनको सुरुवात गर्दैछ।

यो फिल्मका निर्माता तथा अभिनेता सन्तोष अधिकारी लामो समयदेखि अष्ट्रेलियामा बसोबास गर्दै आएका छन्। यस कारणले पनि अष्ट्रेलियाको प्रदर्शनमा उनलाई सजिलो हुने देखिन्छ। प्रदर्शनको चाँजो मिलाउन उनी त्यहाँ पुगिसकेका छन्।

‘चित्रा’को प्रदर्शन माघ २६ गते (फेब्रुअरी ९) मा तास्मानियाबाट सुरु हुनेछ। उक्त अवसर मा रेडकार्पेट शोको पनि आयोजना गरिएको छ। पछिल्लो समय अष्ट्रेलियामा नेपालीको संख्या वृद्धि भएसँगै फिल्म र सांस्कृतिक कार्यक्रम पनि आयोजना हुन थालेका छन्।

तास्मानियापछि अष्ट्रेलियाली सहर सिड्नी, मेलबर्न, ब्रिसबेन, एडिलेट, क्यानबेरा, पर्थ र डार्विनमा पनि फिल्मको प्रदर्शन हुने जनाइएको छ। पारिवारिक र सम्बन्धको कथावस्तुमा आधारित यो फिल्म नेपालमा रिलिज भइसकेको छ।

फिल्ममा अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, प्रकाश घिमिरेजस्ता सशक्त कलाकारको अभिनय छ। यो फिल्मबाट निर्माता समेत रहेका अधिकारीले रजतपटमा डेब्यु गरेका छन्। फिल्मलाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन्।

‘चित्रा’का निर्माता आशिष थापा मगर हुन् भने अधिकारी कार्यकारी निर्मातामा छन्। फिल्मको एसोसिएट निर्मातामा राज श्रेष्ठ छन्। अजय अधिकारीको कथा र मनिष गौतमको पटकथा रहेको फिल्ममा राजनराज सिवाकोटीको संगीत छ।

# मोडल बिशाल भुजेलको अभिनयमा “छोडेर गाउँ बेसी”बोलको गीत सार्वजनिक हुँदै

**काठमाडौं–** धादिङ जिल्ला सिद्धलेख गाउँपालिका ४ आरुबास गाउँमा जन्मेका मोडेल बिशाल भुजेल पछिल्लो समय निकै चर्चामा आएका छन्। बिगत केही बर्षदेखि मोडि्लङ क्षेत्रमा संर्घष गर्दै आएका बिशाल अहिले मोडलिङ क्षेत्रमा निकै ब्यस्थ देखिन्छन्।

पछिल्लो समय बिशालका जुन गीत बजारमा आयो तेही गीत दर्शक स्रोताहरुले निकै रुचाइदिएका छन्। “कोमल दिल”, “पराइको डोली”, “मन मिले पिरती”, जस्ता दर्जनौ गीतबाट चर्चामा आएका बिशाल अहिले प्रदेशीको मर्म बोकेको निकै मार्मिक “छोडेर गाउँ बेसी” बोलको गीत माघ २६ गते शुक्रबारको दिन KSR MOVIES युटुब च्यानलबाट सार्वजनिक गर्देछन्।

उक्त गीतमा शब्द, संगीत, स्वर भिजन ओडको रहेको छ। भिडियोमा बिशाल परियारको छायांकन र भिडियो निर्देशन अर्जुन खत्रीको रहेको छ भने बिशाल भुजेल, लोकप्रिय कलाकार रश्मि भट्ट,टिकटक भाइरल ऋतु बस्नेत, बिनोद कार्की लगायत कलाकारको अभिनय रहेको छ।




प्रदेशी जीवनमा आधारित गीत रहेको,काम सोचे भन्दा धेरै राम्रो र आश लाग्दो भएको, सबै कलाकारले उतिकै मेनहत गरेका यसै गीतका मोड्ल तथा निर्माता बिशाल भुजेल जन आकाश मिडियासँग बताउँछन्।

# साहित्यकार समाज सेवी रत्न प्रसाद अनामनी श्रेष्ठको सुक्ष्म जीवनी



**तेज प्रकाश वानियाँ**
**पूर्व सहायक रथि**

**काठमाडौं–** रत्नप्रसाद अनामनी श्रेष्ठको जन्म बि.सं.२०२६ असोज ६ गते काभ्रे जिल्ला उग्रचण्डी नाला टुपिचा टोल हाल बनेपा नगरपालिका वडा नं.४ नालामा भएको हो।

पिता लालबहादुर श्रेष्ठ र माता जनकमायाका द्वितीय पुत्रको रुपमा जन्मिएका उनको बाल्यकाल मातापिता र परिवारका साथ सामान्य नागरिक सरह बित्यो। पुर्खाको कृषि पेशा भए पनि दुई चार पुस्तादेखी ब्यापार ब्यबसाय गर्दै आएका रहेछन। बाल्यकालदेखि नै बाबु ,आमासँग कहिले खेतबारी कहिले ब्यापार ब्यबसायी गर्दा गर्दै दुबैतिरको कामकाजी सिकेका थिए। अलि ठुलो भएर कखरा सिकेपछि घर नजिकको चण्डेश्वरी माध्यमिक बिधालयमा कक्षा १ मा भर्ना भई बि.सं.२०४३ सालमा एस एल सि उत्तीर्ण गरे।

एस एल सि पछि भक्तपुरको भक्तपुर बहुमुखी क्याम्पसबाट आई एस्सि भौतिक बिज्ञान २०४७ मा पास गरे। उनी हरेक कुरा आफ्नो मनले गहिरिएर सोचेर र आफू भन्दा ठुलासंग सोधेर गर्दथे। यसैबीच २०४६ आफू पढेको विद्यालयको शिक्षक पदमा जागीरे भए त्यस समयको नेपालको परिवेशमा बिश्वब्यापीकरणको असर, अनियन्त्रित जनसंख्या वृद्धि, बढदो शिक्षित बेरोजगार आदि इत्यादिले गर्दा स्थिति भयावह थियो। देशमा उत्पादनमुलक उद्योगधन्दा नभएको कारण व्यापार व्यवसाय फस्टाउन सकेको थिएन। त्यही समय अनामणीलाई उद्योगधन्दा स्थापना गर्न तर्फ सोच आयो। आफू भक्तपुर बहुमुखी क्याम्पसमा अध्ययन गर्दा उनले भगवती पाउरोटी उद्योग स्थापना गरिसकेका थिए।

उनी जे काम गर्दा नजिकबाट अध्ययन गरेर त्यसको पक्ष बिपक्षसमेत विश्लेषण गरि काम गर्दथे। उद्योग स्थापना गर्न पनि उनी उत्सुक थिए। आफ्नो क्षमता भित्रको उद्योगहरू अनामणी प्रकाशन, अनामणी ग्रुप अफ इडष्ट्रीज (पानी उत्पादन तथा प्रशोधन) मनिरत्न मल्टीप्लाष्ट इडष्ट्रीज (पानीको बोतल तथा प्लास्टिक पाइप),अनामणी एग्रो टेक एन्ड अल्टरनेटिभ इनर्जी, भिनेक्स कपी उद्योग, निस्पक्ष मिडिया प्रा.लि (खोज अनलाइन, खोज टिभी,खोज रेडियो) उग्रचण्डी कपडा पसल, शान्ति टेलर्स तथा डसना सिरक उद्योग जस्ता उद्योग काठमाडौंमा संचालन गरी उद्योगीको पहिचान बनाएका छन्। उद्योग स्थापना हूदै जादा आफ्नो बसाई पनि काठमाडौं सारे २०५९ सालमा शिक्षकको जागिर राजीनामा दिए।

यसरी उद्योगहरू स्थापना गरी करिब सय जनालाई रोजगारी दिन सफल भएका छन्। काम गर्दै जाँदा देशमा सधैं जसो हडताल, नेपाल बन्द, तालाबन्दी, चन्दा असुली, सामान उत्पादन गर्ने अर्को उद्योगले उत्पादन बजारमा सस्तो आउने राम्रो र नराम्रो ग्राहकले नहेर्ने, खाली सस्तो मात्र हेर्ने, सरकारको सहयोग र निगरानीको साटो वेवास्ता गर्ने आदि कारणले हालसम्म आइपुग्दा केही नगण्य उद्योग मात्र बाँकी रहेर प्रायः बन्द भइसकेका छन्।

यसरी एउटा मान्छे उद्योगधन्दा, बच्चाहरूको पढाई, जागिर लगायत कामले बेफुर्सद हुँदा पनि बेफुर्सदको बीच धारबाट फुर्सद निकाली स्व अध्ययन गरि पढाइलाई निरन्तरता दिएर २०५१ सालमा शिक्षाशास्त्रमा स्नातक र २०५३ मा नेपालीमा स्नातकोत्तर उत्तीर्ण गर्नु सफल भए। हुँदै जाँदा २०५६ सालमा व्यस्ततालाई पनि पन्छाएर साहित्य साधाना पनि गरेर धेरै प्रकारका साहित्य बिधामा पुस्तक छपाएर सेवा दिइ रहेका छन्। उनका साहित्यमा करिब तीनदर्जन पुस्तकहरू प्रकाशित भइसकेका छ्न। त्यसबाहेक उनी अहिले पनि पुस्तक लेखी रहेका छन्।

समाजसेवा भनेपछि सानैदेखि हुरुक्क हुने उनी दर्जन भन्दा बढी संस्थाहरूमा विभिन्न पदहरुमा संलग्न छन्। समाज सेवा र साहित्यिक कामको कतैबाट निमन्त्रणा आएमा सम्भव भएसम्म उक्त कार्यक्रम उपस्तिथित हुने उनको बानी छ। समाज सेवाकै क्रममा विशेषगरि शिक्षा क्षेत्रमा बढी रमाउने अनामणी अध्ययनमा पछि परेका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने र सहयोग गर्ने समेत गर्दछन्।

यसरी अनेकतिर हात हालेर सफलतापुर्वक काम गर्न क्षमता राख्ने अनामाणिले २०५२ सालमा बनेपा निवासी कृष्ण बहादुरकी सुपुत्री शान्ति श्रेष्ठसँग बिवाहा बन्धनमा बाधिए। शान्ती - अनामणीको दम्पतिको दुई सन्तान (छोराहरू) भए। समय सापेक्ष शिक्षा दिएर अनामणी दम्पतीले जेष्ठ



भक्तपुरको लोकसाहित्य परम्परा विषयमा महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधी प्रवेश परिक्षा उत्तीर्ण गरी भर्ना भए। २०५६ बाटै कक्षा पनि सुरु भयो। अनामणीले पनि कक्षामा भाग लिए तर विभिन्न ब्यक्तिगत कामका बाबजुद घर बनाउने काम समेतले गर्दा विद्यावारिधी गर्ने अधुरै रहयो।

जीवनलाई अत्यन्तै व्यस्त राख्न रुचाउने साहित्यकार अनामनी साहित्यतर्फ पनि त्यतिकै सौखिन व्यक्ति हुन्। उहाँ सुपुत्रलाई मेडिकल डाक्टर बनाए भने कान्छा सुपुत्रलाई कम्प्युटर इन्जिनियर पढाए। छोराहरूलाई समाजमा सामाजिक मान्यता अनुसार चल्न सिकाए। जेष्ठ सुपुत्र डाक्टर रुजेन श्रेष्ठ बनेपाको शिर मेमोरियल अस्पतालमा काम गरिरहेका छ्न भने कान्छा सुपुत्र ई. सुजेन श्रेष्ठ इन्फोसिस डेप्लोपर हुन। यसरी उद्योग गरी छोराछोरी पढाएर , समाजमा सक्षम बनाए कुशल अभिभावकको भुमिकामा अनामणी अगाडी छन्।

# मोतिराज खनाल चुनावी अभियानमा



**काठमाडौं–** अग्रजलाई सम्मान आफुभन्दा जुनियर लाई माया र प्रोत्साहन भन्ने मुल नारा सहित जन गायक मोतिराज खनाल चुनावी अभियानमा जुटेका छन। नेकपा एमाले अर्घाखाँची-काठमाडौं सम्पर्क मन्चको अध्यक्षमा जन गायक मोतिराज खनालले उम्मेद्वारी दिने बताएका छन। उनले लामो समयदेखी नेकपा एमालेको विभिन्न भातृ संगठनहरुमा काम गरेका छन्। खनाल बिगतमा अर्घाखाँची-काठमाडौं सम्पर्क मन्च नेकपा एमालेको सास्कृतिक बिभाग प्रमुख र सचिवालय भित्र बसेर काम गर्दै गर्दा पार्टीले राष्ट्रिय जन साँस्कृतिक महासंघको जिम्मेवारी दिएको थियो। अहिले उनी अर्घाखाँची (काठमाडौ सम्पर्क मन्चलाइ कार्यकर्ताको भावना अनुसार लैजानुपर्छ पार्टी कसैको पेवा हैन सबै कार्यकर्ताले पार्टी हाम्रो हो भनेर गौरव गर्ने खालको बनाउनु पर्छ भन्दै सुधारका एजेन्डा बोकेर नेतृत्वमा बसेर सम्पर्क मन्चलाइ हाक्ने मनसायले चुनावी मैदानमा होमिएका छन। युवा नेता जन गायक खनाल निरङ्कुशता विरुद्ध बिभिन्न आन्दोलनमा सहभागिता थिए। खनाल २०६२र६३ सालमा निरंकुश राजतन्त्रको बिरुद्ध लोकतन्त्रको लागि १९ दिने जनआन्दोलन हुँदा दमनको बिरुद्धमा आन्दोलनमा होमिदा पुलिसको लाठिले सख्त घाइते भएका थिए। त्यतिबेला सात राजनीतिक दलले खनालको उच्च मुल्याङ्कन गर्दै घाइतेको प्रमाणपत्र दिएको थियो। खनालले घाइते हुदा पनी राज्यलाइ भार नपार्ने भन्दै आफ्नै खर्चले उपचार गरेर ठिक भएका थिए।

घाइतेहरुलाइ आजिवन सुबिधा दिने सरकारले निर्णय गरेपनी तपाइले सुबिधा नलिनुको कारण के हो ? भन्ने पत्रकारको प्रश्नमा आफ्नो घाउ चोट निको भएको हुनाले मैले त्यो सुबिधा लिनु देश प्रतिको गद्धारी हो भन्ने ठानेर मैले सुबिधा लिइन जन गायक खनालले भने।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २६, २०८० साल माघ २३ गते मंगलबार (Feb 6, 2024)

# सि जि मोटर्स सीएटीएल को अधिकारिक सर्भिस सेन्टर स्थापना गर्ने तयारीमा



**काठमाडौं–** नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधी मण्डलले माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसंग भेटगरी विभिन्न विषयहरुमा छलफल गरेको छ ।

उक्त भेटघाट तथा छलफलमा अध्यक्ष चौधरीले नेपालमा माल बाहक इन्डियन ट्रक निर्बाध रुपमा ७२ घण्टासम्म नेपाल प्रवेश गर्न सक्ने व्यवस्थाबाट खाशगरी नेपालको मालवाहक सवारी साधनहरुको विक्री र त्यसको व्यवसायमा गम्भिर असर परेको भन्दै भारतिय मालवाहक साधनहरुलाई नेपालमा २४ घण्टाको मात्र समयावधि दिने र भन्सार बिन्दुबाट अधिकतम १६ किमी सम्म मात्र सन्चालन गर्न दिने व्यवस्थाका लागि आग्रह गरे ।

यसै छलफलका क्रममा नाडाका महासचिव सुरेन्द्र कुमार उप्रेतीले नेपाल भारतविच खुल्ला सीमानाको कारणले भारतबाट भारी मात्रामा अनधिकृत रुपमा लुब्रिकेण्टस, टायर तथा अटोमोवाइल स्पेयर पाट्र्सको आयात हुदै आएको ।यसले एकातर्फ नेपालका लुब्रिकेण्टस र टायरटयूव उद्योगहरुलाई गम्भिर असर परिरहेको छ भने अर्कोतर्फ ती बस्तुहरुको अनधिकृत आयातका कारण नेपालमा बसेर आधिकारिक व्यापार व्यवसाय गरिरहेका व्यवसायीहरु आफनो व्यवसायमा टिकीरहन ज्यादै कठीन हुदै गईरहेकोले नेपालको सीमा क्षेत्रमा कडाईका साथै व्यवस्थित पनि गर्नु पर्ने देखिएको भन्दै यस्तो हुन सकेमा देशले गुमाई रहेको ठूलो राजश्व पनि प्राप्त हुने भएकोले यसतर्फ आवश्यक पहलका लागि अनुरोध गरे । सो छलफलका क्रममा नाडाका पदाधिकारी तथा सदस्यहरुले नाकामा हुने गरेका विभिन्न समस्याहरु बारे जानकारी गराए ।

छलफलको अन्त्यमा माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले पहिलेको २४ घण्टाको समयावधीलाई ७२ घण्टा पुर्‍याइएको र सीमा नाकामा भईरहेको समस्याहरुबारे गहिरो चासो राख्दै यस्ता समस्याहरुको समाधानका लागि सरकारले आवश्यक पहल गर्ने बताए ।

उक्त छलफलमा नाडाका संस्थागत उपाध्यक्ष पुष्कर ओझा, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल, केन्द्रीय कार्य समिति सदस्यद्धय ऋद्धि कार्की, नारायणप्रसाद पौडेल तथा एशोसिएशन सचिव सुरेन्द्र प्रधान समेतको उपस्थिति रहेको थियो ।

# भाइरल ज्वरोले विद्यार्थी बिरामी पर्न थालेपछि विद्यालय बन्द

बाजुरा- जिल्लाको पूर्वी-उत्तरी भेगको स्वामीकार्तिक खापर गाउँपालिकाका बालबालिकालाई भाइरल ज्वरो र रुघाखोकी लाग्न थालेपछि धमाधम विद्यालय बन्द गर्न थालिएका छन् ।

स्वामीकार्तिक खापर-१ रुडी स्थित माझपाटा आधार भूत विद्यालयमा भाइरल ज्वरो र रुघाखोकीले बालबालिका प्रभावित भएपछि एक साताका लागि विद्यालय बन्द गरिएको छ । प्रधानाध्यापक दानबहादुर धामीले भाइरल ज्वरो र रुखाखोकीले बालबालिका प्रभावित हुन थालेकाले थप जोखिम फैलिन नदिन विद्यालय बन्द गरिएको बताए ।

एक साताअघि स्वामीकार्तिक गाउँपालिकाको जुकोटस्थित शम्भुसुनन्दा माध्यमिक विद्यालयका बालबालिकामा पनि भाइरल ज्वरोको समस्या देखिएको थियो । अत्याधिक चिसो बढेसँगै रुघाखोकी र भाइरल ज्वरोको सङ्क्रमण देखिन थालेको हो । लामो समयदेखि पानी नपर्दा धुलो र धुवाँका कारण समुदायमा रुघाखोकी फैलिएको स्वास्थ्यकर्मी बताउँछन् ।

कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रका डा. रञ्जित शाहले रुघाखोकी सरुवा रोग भएका कारण हावा र हाँछ्युका माध्मबाट सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले सुरक्षित रहन आग्रह गरे । सङ्क्रमणबाट जोगिन खानेकुरामा ध्यान दिने, झोलिला खानेकुरा खाने, तातोपानीको प्रयोग गर्ने, न्यानो कपडा लगाउने, हाँछ्यु गर्दा नाख, मुख छोप्ने र हिँडडुल गर्दा वा अन्य व्यक्तिसँगै रहँदा अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने उनले सुझाब दिए ।

स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष भरत रोकायाले बालबालिकामा भाइरल ज्वरोको समस्या देखिएकाले विद्यालय बन्द गरेको जानकारी दिए । भाइरल ज्वरो नियन्त्रणका लागि स्वास्थ्यकर्मीलाई औषधि दिएर उपचारमा खटाउने उनले बताए ।

# शैलुङमा नयाँ प्रजातिको आलुको बिउ उत्पादन

**रामेछाप–** रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-१ डडुवाको राजभिरमा नयाँ प्रजातिको आलुको बिउ उत्पादन गरिएको छ । स्क्रिन हाउसको ल्याबमा इन-भिट्रो प्लान्ट वैज्ञानिक विधि अपनाइ पीबीएस दानाबाट रोजिटा जातको नयाँ पुस्ताको आलु बिउ उत्पादन गरेको हो ।

नयाँ जातको आलुको पूर्वमूल बिउ शैलुङमा उत्पादन भएको यो दोस्रो पटक हो। यसअघि गत साल पनि सो ल्याबबाट रोजिटा जातको आलुको बिउ उत्पादन गरिएको स्थानीय अगुवा किसान दावासँबु शेर्पाले जानकारी दिएका छन्।

गत साल सो ल्याबबाट ११ हजार दाना आलुको मूल बिउ उत्पादन भएको थियो । यस वर्ष १८ हजार दाना आलुको मूल बिउ उत्पादन भएको छ । त्यसबाट उत्पादन भएको आलु बिउको रूपमा प्रयोग हुनेछ ।

उत्पादित मूल बिउ ग्रेडिङ गरी प्याकिङ गरिएको अगुवा किसान शेर्पाले बताएका छन् । सो बिउ प्रतिदाना २० रुपैयाँ पर्ने उनले जानकारी दिए । आलुको बिउ उत्पादन गर्न चाहने किसानले मूल बिउ खरिद गरेर लैजान सक्ने शेर्पाले बताए ।

सो आलुको मूल बिउ उत्पादनको लागि राष्ट्रिय आलु वाली विकास केन्द्र निगालेले प्राविधिक एवं प्लान्ट सहयोग गरेको थियो । त्यस्तै कृषि ज्ञान केन्द्र रामेछापले आर्थिक सहयोग गर्दै आएको छ ।

नयाँ प्रजातिको आलुको बीउ उत्पादन भएसँगै शैलुङमा आलुको उत्पादन पनि बढेको छ । नयाँ बिउमा रोग प्रतिरोधात्मक क्षमता अधिक भएको तथा उत्पादित आलु बिउको रूपमा जाने भएकोले राम्रो मूल्य आउने शेर्पाले बताए ।

शैलुङमा उत्पादित आलुको बीउ शैलुङ क्षेत्र बाहेक रामेछाप जिल्लाका अन्य क्षेत्र र देश भरी नै पठाउने योजनामा स्थानीय किसान लागेका छन् । रोजिटा जातको बिउलाई आलुको दुर्लभ बिउ मानिन्छ । यसमा रोग प्रतिरोधात्मक क्षमता र उत्पादन क्षमता अधिक हुने गर्दछ ।

# पुङ्गी खोलाको सौन्दर्यकरण र सीमाङ्कनको कार्य तीव्र

**भरतपुर–** भरतपुरको मुख्य सहरी क्षेत्र भएर बग्ने पुंगी खोलको सौन्दर्यको कार्य करिब १० महिनाअघि सुरु भएको सीमाङ्कनको कार्य निरन्तरतामा छ भने पुङ्गी खोलाको दोभानबाट सौन्दर्यकरणको काम अघि बढिरहेको छ ।

खोलाको वडा ३, ४ मा पर्ने करिब ५ किलोमिटरको सीमाङ्कनको कार्य पुरा भइसकेको छ भने वडा नम्बर २, र ११ को एक किमिमा सीमाङ्कनको कार्य हुँदैछ ।

६ किलोमिटर लम्बाई रहेको पुङगी खोलाको चौडाई १० देखि ४० मिटरसम्म छ । वर्षातको समयमा काम गर्न असहज हुने भएकाले हिँउदको समयमै दुबै कार्यलाई तीब्रता दिइएको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले जानकारी दिनुभयो ।

सीमाङ्कन पुरा गरेर काम गर्छु भन्दा अझै समय लाग्ने उहाँले भन्नुभयो, 'दुबै काम एक साथ बढाउदा जनतामा उत्साहा थपिन्छ । सुन्दर र हरियाली सहर बनाउने संकल्प पुरा हुन्छ ।'

भरतपुरको गौरवको आयोजनामा रहेको पुंगी खोला सौन्दर्यकरण गर्ने कार्यमा सकृय सहयोग गर्न प्रमुख दाहालले अनुरोध गर्नुभएको छ ।

सीमाङ्कनको कार्य र आयोजनाको बारेमा स्थानीयलाई सहजीकरण गर्न प्रमुख दाहाल फिल्डमै पुग्ने गर्नुभएको छ ।

प्रमुख दाहालले कुनै पनि काम असम्भव नहुने भएकाले यो कामलाई फत्ते पार्न पुंगी खोला संरक्षण समिति यो कार्यमा निरन्तर लागिरहेको बताउनुभयो ।

आफ्नै कार्यकालमा संघ, प्रदेश र महानगरपालिकाको बजेटबाट काम पुरा गर्ने लक्ष्य पनि लिएको उहाँको भनाइ छ ।

पहिलो चरणको निर्माण कार्यअन्र्तगत पुंगीको दोभानबाट ३५० मिटर क्षेत्रमा सौन्दर्यकरणको काम गरिने छ । जसमा वृक्षरोपण, फुटरेल, रिटेनिङ्गवाला, रेलङिसहितको मर्निङ र इभिनिङवाक गर्न मिल्ने गरी संरचना निर्माण हुनेछन् ।

गरुयोजना अनुसार खोला किनारलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ । यहाँ पर्यटकले चिया, खाजा खाने स्टेशन, विश्रमस्थल, खुला व्यामशाला पनि रहने छ ।

पुंगी खोला र केरुङ् खोलाको सौन्दर्यकरण गर्ने कार्य महानगरको ढल व्यवस्थापनका लागि महत्वपूर्ण आयोजना हो ।

बढ्दो सहरीकरणले भरतपुरमा वर्षातको समयमा आकाशे पनि व्यवस्थापनमा समस्या देखिएपछि पुंगी र केरुङ्गा खोलाको सौन्दर्यकरण र व्यवस्थापनमा महानगर निरन्तर अघि बढेको छ ।

# रोल्पाका विकट गाउँमा बिजुली बल्यो

रोल्पा- रोल्पाका दुई विकट गाउँमा बिजुली बलेको छ । सुनछहरी गाउँपालिका वडा नम्बर-३ र वडा नम्बर-४ मा राष्ट्रिय प्रसारण प्रणालीबाट बिजुली पुगेको हो ।

३३ केजी प्रसारण लाइनमार्फत वितरण उक्त बिजुलीले दुवै गाउँमा गरी १ हजारभन्दा बढी घरमा विद्युत् सेवा पुग्ने नेपाल विद्युत् प्राधिकरण रोल्पा वितरण केन्द्रले जनाएको छ । माओवादी केन्द्रका उप-महासचिव एवं पूर्व ऊर्जामन्त्री वर्षमान पुन अनन्तले स्विच दबाएर विद्युतीकरणको औपचारिक उद्घाटन गरे ।

गाउँमा उज्यालोसँगै नयाँ विकास, नयाँ सभ्यता र नयाँ संस्कार आउने बताए । गाउँमा बिजुली आएसँगै दैनिक जनजीवनका धेरै काममा सहजता आउने तथा स्थानीय उद्योग स्थापना गर्न सकिने उनको भनाइ थियो ।

'यसअघि गाउँमा बाटो आयो, सहरको सामान सस्तोमा गाउँ आउन थाल्यो । गाउँमा उत्पादन भएका अन्न, तरकारी र फलफूल बजार जान थाले', उनले भने, अहिले बिजुली आयो अब विद्यार्थीलाई टुकी बालेर पढ्नुपर्दैन । दाउरा वा ग्यासमा खाना पकाउनुपर्दैन अब बिजुलीबाटै खाना पकाउन सकिन्छ । घरमै मोबाइल चार्ज गरेर आफन्तसँग मज्जाले कुरा गर्न सकिन्छ ।'

पुनले राजनीतिकर्मी र राज्य सञ्चालनको भूमिकामा रहेकाहरूले साधन श्रोतको समुचित वितरणमार्फत देशका सबै क्षेत्रमा सन्तुलित र समानुपातिक विकासमा ध्यान दिनुपर्ने बताए ।

उनले विकासका काममा अति राजनीतिकरणको समस्या देखिएको भन्दै उनले दल र विचार फरक भए पनि विकासका काममा गाउँदेखि राष्ट्रिय स्तरसम्म समान धारणा र समझदारी हुनुपर्नेमा जोड दिए ।

'पार्टी फरक हुन सक्छ । विचार फरक हुन सक्छ । तर, विकासको फल सबैले पाउनुपर्छ । सबै पार्टी मिलेर आफ्नो ठाउँ देशकै विकास गर्नुपर्छ', उनले भने, 'गाउँमा विकास भएन भने माओवादी, काँग्रेस, एमाले सबैलाई असुविधा हुने हो । म माओवादीका तर्फबाट निर्वाचित सांसद हुँ । मेरो पहलमा भएको विकासको प्रतिफल जिल्लामा भएका सबै राजनीतिक दलका नेता कार्यकर्ता र मतदाताले निर्बाध उपयोग गर्ने भएकाले विकासका काममा राजनीति गर्नुहुँदैन । किनकि जति पनि सडक, बिजुली, सञ्चार र खाने पानीका क्षेत्रमा काम भएका छन् ती सबै राज्यको श्रोतबाट भएका हुन ।'

गाउँमा सडक, बिजुली, खानेपानी, सिँचाइको व्यवस्था गर्ने तथा शैक्षिक संस्थाको गुणस्तर सुधार गर्ने नेताहरूको जिम्मेवारी र कर्तव्य भएको उनको भनाइ थियो ।

पुनले आफू ऊर्जामन्त्री हुनुअघि जिल्लामा २० प्रतिशत मात्र विद्युतीकरण भएको उल्लेख गर्दै अहिले ८० प्रतिशत घरहरूमा विद्युतीकरण पुगेको बताए ।

बाँकी २० प्रतिशत घरहरूमा पनि आगामी डेढदेखि २ वर्षभित्र बिजुली पुर्‍याउने लक्ष्यका साथ काम भइरहेको जानकारी उनले दिए । एसिएन इन्फ्रा स्टक्चर बैंक र युरोपियन इन्भेष्टमेन्ट बैंकबाट ऋण र सहयोग लिएर रोल्पामा विद्युतीकरणको काम अघि बढाएको पुनले बताए ।

नेपाल विद्युत् प्राधिकरण रोल्पा वितरण केन्द्रका प्रमुख अषेश्वर साहले रोल्पामा विद्युतीकरणको काम तीव्र गतिमा भएको बताए ।

एसिएन इन्फ्रा स्टक्चर बैंक र युरोपियन इन्भेष्टमेन्ट बैङ्कका दुई आयोजनामार्फत जिल्लाका सुनछहरी, लुंग्री, सुनिल स्मति, थवाङ, गंगादेव र परिवर्तन गाउँपालिका तथा रोल्पा नगरपालिकाका विभिन्न वडाहरूमा विद्युतीकरणको प्रक्रिया अघि बढेको जानकारी उनले दिए ।

केही महिनाको बीचमा लुंग्री गाउँपालिकाको वडा नम्बर-१, रुण्टीगढी गाउँपालिकाको वडा नम्बर १ र ८, थवाङ गाउँपालिकाको वडा नम्बर-३, गंगादेव गाउँपालिकाको वडा नम्बर- १ र ३ माडी गाउँपालिकाको वडा नम्बर-१ र २, त्रिवेणी गाउँपाकिलाको वडा नम्बर-६ मा बिजुली बालिएको जानकारी साहले दिए ।

'बाँकी २० प्रतिशत स्थानमा आगामी दुई वर्षभित्र बत्ती बाल्ने र जिल्लालाई उज्यालो बनाउने गरी काम भइहरेको छ', उनले भने, 'बिजुलीका पोलहरू ठाउँ ठाउँमा झार्ने काम सुरु हुँदैछ ।'

भौगोलिक विकटता तथा बस्तीमा छरिएर रहेका घरहरूका कारण सहरी वा तराई क्षेत्रमा जस्तो पहाडी क्षेत्रमा छिटो विद्युतीकरण गर्न असहज हुने अनुभव साहले सुनाए ।

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस